का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक २९
- १६ फागुन २०७६, शुक्रबार
- 28 February 2020, Friday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# नेकपामा विवाद

## 'पार्टी बन्छ, भत्कन्छ'

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ फागुन



सत्तारूढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को विवाद उत्कर्षमा पुगेका बेला अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पार्टीहरू विभाजित भइरहने बताएका छन् । काठमाडौंमा आयोजित एक कार्यक्रममा प्रचण्डले भने, 'धेरैलाई लाग्न सक्छ, पार्टी शान्त भइदिए हुन्थ्यो । नेताहरू खुरुक्क मिलेर हिँडे हुन्थ्यो । हामीलाई पनि त्यस्तै लाग्छ । हामी एकताबद्ध हुन कोसिस गर्ने हो तर जुन दिन विवादरहित र शान्त पार्टी बन्छ त्यो दिनबाट पार्टी चाहिन्न । साम्यवाद नआएसम्म पार्टीमा भूमरी परिरहने, पार्टी भत्किने र फुट्ने प्रक्रिया चलिरहने छ ।'

विवादरहित र शान्त भएपछि साम्यवाद आउने र त्यसपछि पार्टी नचाहिने प्रचण्डले बताए ।

पछिल्लो समय नेकपाभित्र प्रचण्ड र अर्का अध्यक्ष एंव प्रधानमन्त्री केपी शर्मा ओलीबीचको विवाद उत्कर्षमा पुगेको हो । बुधबारमात्रै प्रचण्डको प्रस्तावमा सचिवालयले उपाध्यक्ष वामदेव गौतमलाई राष्ट्रिय सभामा सिफारिस गर्ने निर्णय गरेपछि प्रधानमन्त्री ओली झनै रूष्ट बनेका छन् । उनले अर्का नेता माधवकुमार नेपालसँग सचिवालयको उक्त निर्णय नमान्ने बताइसकेका छन् । प्रचण्डले पार्टी विभाजन हुन नदिने पनि बताए । उनले भने 'पार्टी जमेको पोखरी जस्तो होइन । यो गडगडार जान्छ । पार्टीभित्र के हो भनेर धेरैलाई परेको छ । यो धेरै ठूलो मूल्य चुकाएर पसिना चुहाएर आएको नेतृत्व छ । त्यसैले विभाद भए पनि विभाजन र विघटन हुन दिन्नौ ।' उनले सञ्चारमाध्यममा आएका समाचारका पछि नलाग्न पनि आग्रह गर्दै भने, 'केहि केहि विषय के हो भनेर आएका छन् । मिडियामा आएको समाचारको पछाडी नलाग्नुस् । यसलाई कमजोर र विघटन हुन दिन्नौ ।' उनले पार्टीलाई एक ढिक्का बनाएर अघि बढ्ने बताए । कम्युनिस्टहरू समाप्त भएको बारे जिकिर गर्दै उनले भने, 'पार्टीलाई एक ढिक्का बनाएर लान्छौ । कम्युनिस्टलाई दुश्मनका गोलीले लडाउन सकेन तर सत्तामा गएपछि कुशासन र भ्रष्टाचारले सकेको छ । एउटै गोली खर्च नभई कम्युनिस्ट पार्टी आफ्नै कारण सकिएका छन् ।'

**चीनको समर्थन**

प्रचण्डले अमेरिकाको इण्डो प्यासिफिक स्ट्राटेजी (आईपीएस) उसको सैन्य रणनीति नै भएको हुँदा त्यसलाई स्वीकार गर्न नसकिने बताएका छन् । उनले चीनको बेल्ट एण्ड रोड इनिसियटिभ (बीआरआई) भने उसको सम्बन्ध र विकासलाई गति दिने रणनीति भएको बताए । कार्यक्रममा उनले भने, 'आइपीएस अमेरिकाले अगाडि बढाएको वृहत रणनीति हो । उनीहरूले आफ्नो स्वार्थ र अति महाशक्तिको सुपरपावरलाई कायम राख्नको लागि अगाडि बढाएको सैन्य रणनीति नै हो । त्यसलाई स्वीकार गर्न सक्तैनौं भन्यौं ।'

उनले एमसीसीबारे त्यसको अध्ययन गर्न पार्टीले गठन गरेको कार्यदलको प्रतिवेदन अध्ययन गरेर राष्ट्रको हित अनुकुल हुनेगरी नै अगाडी बढाउने बताए । एक-दुई दिनमैं त्यसबारे निर्णय गर्ने उनले जनाए । चीनको समर्थनमा उनले भने, 'बीआरआई भनेको पनि चीनले विभिन्न देश, महादेशसँग आफ्नो सम्बन्ध विस्तार गर्ने र आर्थिक विकासलाई गति दिने रणनीति हो त्यो । बीआरआईको त हामी हस्ताक्षरकर्ता भइसकेका छौं तर इण्डो प्यासिफिक एउटा सैन्य रणनीति भएकोले त्यसलाई हामी स्वीकार गर्न सक्तैनौं भन्यौं ।'

## आफ्नो र बाँस्कोटाको बचाउ



**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ फागुन

प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो सरकार र तत्कालीन सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटाको बचाउ गरेका छन् । ७० करोड बार्गेनिङ प्रकरणमा मुछिएर मन्त्री पद गुमाएका बाँस्कोटाको बचाउमा प्रधानमन्त्रीले प्रमाणको जिकिर गरका छन् ।

सेक्युरिटी प्रिन्टिङ प्रेसको खरिदमा ७० कमिसन मागेको आरोप बाँस्कोटामाथि छ । उनीमाथि कडा कारबाही हुनुपर्ने र प्रधानमन्त्रीले पनि यसबारे प्रष्ट पार्नुपर्ने आवाज उठिरहेको बेला ओलीले उल्टै बचाउ गरेका हुन् ।

बिहीबार राजधानीमा आयोजित नेकपा बागमती प्रदेशस्तरीय तथा भेलालाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले बाँस्कोटाले भ्रष्टाचार गरेकाले नभई प्रश्न उठेकाले राजीनामा दिएको बताए । उनले भने, 'एउटा टेप प्रकरणमा कुनै मान्छेले अनाधिकृत तवरले अडियो सार्वजनिक गरेको छ । तर केही प्रमाण छैन । गोकुल बाँस्कोटाले मेराबारे प्रश्न उठ्यो राजीनामा दिएँ भन्नुभएको छ । उक्त अडिओ मेरो होइन भन्नुभएको छ। सत्यता पुष्टि भएको छैन । स्विस एम्बेसीले पनि त्यो एजेन्ट होइन भनेको छ ।'

प्रधानमन्त्रीले बाँस्कोटाले भ्रष्टाचार गरेकोजस्तो गरी प्रचार गर्नु जरूरी नभएको पनि बताए । उनले भने,'दोष भए उहाँले सजाय भोग्नु पर्छ। अहिलेसम्म उजुरी परेको छैन ।' उनले कसैले आफ्नो पनि नाम जोडेर अख्तियारमा उजुरी दिएको तर त्यो औचित्यहीन भएको बताए । उनले सरकारको सम्पूर्ण ध्यान सुशासन र विकासमा केन्द्रीत रहेको पनि दोहऱ्याए ।

उनले आफ्नो आलोचना गर्ने विषय नपाएपछि जन्मदिनलाई मुद्दा बनाएको समेत बताए । उनले केकलाई राष्ट्रवादको संज्ञा पनि दिए । हिजो नाकाबन्दी भएको बेला चुप बस्नेहरू अहिले केक काट्दा उफ्रिदा अनौठो लागेको समेत उनले बताए । उनले भने, 'हिजो नाकाबन्दी हुँदा नाकाबन्दीसमेत भन्न नसक्नेहरू अहिले केक राष्ट्रवादी भएका छन् । यसरी कांग्रेसले राजनीति गर्छु भन्ने ठानेको छ भने बेकारको कुरा हो ।' उनले सरकारले गरेको राम्रा काम नदेख्नेहरूले जन्मदिनमा केक काटेको भनेर आलोचना गर्नुको तुक नरहेको पनि बताए ।

## 'पार्टी फुट्दैन'



**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ फागुन

सत्तारूढ नेकपाका शीर्ष नेताहरूबीच सम्बन्ध चिसिँदै गएका बेला वरिष्ठ नेता माधवकुमार नेपालले पार्टी विघटन हुन नदिने बताएका छन् । रामशाह पथमा भइरहेको पार्टीको बागमती प्रदेशको प्रशिक्षणमा बोल्दै नेता नेपालले यस्तो बताएका हुन् ।

उनले भने, 'पत्रपत्रिका पढेर दिमाग खराब भएको होला । पार्टी विभाजन होला कि भन्ने होला । तर के कुरामा प्रस्ट हुनुस् भने पार्टी विघटन हुन दिँदैनौँ । ७० वर्ष हामीले कठोर दुःख गरेका छौं । यसलाई हामी गुम्न दिँदैनौँ ।'

पार्टी एकतामा भइरहेको ढिलाइलाई धेरै पर धकेल्न नहुने समेत उनले बताए । राष्ट्रिय सभा सदस्य छनौटलाई लिएर बुधबारदेखि नेकपामा चरम विवाद देखिएको छ ।अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओली युवराज खतिवडालाई नै निरन्तरता दिने पक्षमा छन् भने अर्का अध्यक्ष प्रचण्डसहित माधव नेपाल र झलनाथ खनालले बामदेव गौतमलाई अघि सारेका छन् । यही कारण नेकपा विभाजित हुन सक्ने आशंका बढेका बेला नेता नेपालले यस्तो अभिव्यक्ति दिएका हुन् ।

# ओलीलाई राजीनामा दिन सुझाव

**मध्यान्ह संवाददाता**
काठमाडौं १५ फागुन



प्रधानमन्त्री केपी शर्मा ओलीलाई प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका केन्द्रीय सदस्य शेखर कोइरालाले राजीनामा दिन सुझाव दिएका छन् ।

नेकपाभित्रको आन्तरिक कलहले प्रधानमन्त्री ओली पछिल्लो समय सकस व्यहोरिरहेका छन् । बुधबारमात्रै सचिवालय बैठकले उपाध्यक्ष वामदेव गौतमलाई राष्ट्रिय सभामा पठाउन सिफारिस गर्ने निर्णय गरेपछि तनाव झन् बढेको छ । यही तनावबीच प्रधानमन्त्री ओलीले भेटका लागि कोइरालालाई बालुवाटारमा आमन्त्रण गरेका थिए । प्रधानमन्त्रीको निम्तोपछि बालुवाटार पुगेका कोइरालाले प्रधानमन्त्री ओलीलाई राजीनामा दिन सुझाएका छन् ।

कोइरालाले ओलीलाई नैतिकताका आधारमा राजीनामा दिन सुझाएका हुन् । उनले ओलीसँग गरेको कुराकानीलाई उद्धृत गर्दै भने, 'मैले त जिल्ला जिल्लामा गएर तपाईंको राजीनामा मागेको छु अब के गर्नु हुन्छ भनेँ । प्रधानमन्त्रीले तपाईंले माग्नु त ठीकै हो । त्यो त तपाईंहरूले गर्ने काम हो । तर मलाई पार्टीभित्रै अप्ठेरो छ, भन्नु भयो ।' प्रधानमन्त्रीले भेटमा पार्टीभित्र उत्पन्न परिस्थितिको सामना गर्ने तयारी गरिहरको कोइरालालाई बताएका थिए ।

नेकपाका कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' बाँकी पृष्ठ २ मा

# सीपी मैनाली गम्भीर

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ फागुन



नेकपा (माले)का महासचिव सीपी मैनाली सवारी दुर्घटनामा परी गम्भीर घाइते भएका छन् । उनीसहित परिवारका अन्य ४ सदस्य र चालक घाइते भएपछि उपचारका लागि काठमाडौं ल्याइएको छ ।

नेपाली सेनाको हेलिकप्टरमार्फत उनीहरूलाई बिहीबार अपरान्ह काठमाडौं पठाइएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका डीएसपी माधव बुढाथोकीले जानकारी दिए । दुर्घटनामा घाइते भएका उनीहरूको महोत्तरीस्थित जनसेवा अस्पतालमा उपचार भएकोमा थप उपचारका लागि काठमाडौं ल्याइएको हो ।

बिहीबार बर्दिबासस्थित रातुको पुलमा उनी सवार गाडी अर्को गाडीसँग ठोक्किएर दुर्घटना भएको हो ।

प्रहरीका अनुसार मैनाली सवार बा ४ च २१२० नम्बरको कारलाई विपरीत दिशाबाट आइरहेको ना ४ ख ७६६८ नम्बरको पिकअफ भ्यानले ठक्कर दिएको थियो ।

दुर्घटनामा मनौलीका छोरा ३० वर्षीय सरोज मैनाली, बुहारी पुजा ढुङ्गाना मैनाली, ५ वर्षीय नाती एन मैनाली र चालक रामप्रसाद पौडेल पनि घाईते भएका छन् । दुर्घटनामा सीपी मैनाली र बुहारी पुजा गम्भीर घाईते भएको ईलाका प्रहरी कार्यालय बर्दिवासका प्रहरी बाँकी पृष्ठ २ मा

# पेट्रोल-डिजेलमा १० रूपैयाँ विकास कर

**मध्यान्ह संवाददाता**
काठमाडौं १५ फागुन

सरकारले डिजेल र पेट्रोलमा प्रतिलिटर ५ रूपैयाँ विकास कर बढाएर १० रूपैयाँ पुऱ्याएको छ । मन्त्रिपरिषदका निर्णय सार्वजनिक गर्न आयोजित कार्यक्रममा सरकारका प्रवक्ता अर्थ, सूचना तथा संचार प्रविधिमन्त्री युवराज खतिवडाले डिजेल र पेट्रोलमा प्रतिलिटर ५ रूपैयाँ बढाएको जानकारी दिएका छन् । फागुन १२ गते बसेको मन्त्रिपरिषद् बैठकले डिजेल र पेट्रोलमा प्रतिलिटर ५ रूपैयाँ बढाएर १० रूपैयाँ पुऱ्याउने निर्णय गरेको उनले जानकारी दिए । यसअघि सरकारले पेट्रोल र डिजेलमा प्रतिलिटर ५ रूपैयाँ पूर्वाधार विकास कर लिँदै आएको थियो । विकास कर बढाएको भन्दै समाजिक सञ्जालमा सरकारको विरोध भइरहेको छ ।

सरकारले नेपाल कानुन आयोगको सदस्यमा शोभा बुढाथोकी, उद्धवचन्द्र घिमिरे र नारायण नेपाललाई नियुक्त गरेको छ। राष्ट्रिय न्याय प्रतिष्ठान परिषद्को सदस्यमा रमा श्रेष्ठ, हरिन्द्र राई र भोजमान लाम्गदेलाई नियुक्त गरिएकोको खतिवडाले जानकारी दिए । त्यस्तै, नेपाल-भारत सीमा निरीक्षण समितिको म्याद २०७७ साल असार मसान्तसम्म थप गरिएको पनि खतिवडाले जानकारी दिए ।

सार्वजनिक, सरकारी र गुठीको जग्गा संरक्षण सम्बन्धि जाँचबुझ आयोगको सदस्यमा महेन्द्रकुमार थापा क्षेत्रीलाई पनि नियुक्त गरिएको छ । आयोगबाट जगत देउजाले दिएको राजीनामा स्वीकृत गरिएको छ । समस्याग्रस्त सहकारी संस्था वा संघको व्यवस्थापन समितिको अध्यक्षमा उच्च बाँकी पृष्ठ २ मा

# यस्ता छन् मन्त्रिपरिषद्का निर्णय

२०७६ साल फागुन ५ गते सोमबारको मन्त्रिपरिषद्को बैठकका निर्णय

१. सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण विषयको एसिया प्रशान्त क्षेत्र समूह (एपिजी) बाट हुने नेपालको पारस्परिक मूल्याङ्कनको तयारीसम्बन्धी अवधारणापत्र स्वीकृत गर्ने ।

२. हेजिङ सम्बन्धी नियमावली (पहिलो संशोधन), २०७६ मा स्वीकृति प्रदान गर्ने ।

३. वीरगंज चिनी कारखानाको स्वामित्वमा रहेको जिल्ला पर्सा,वीरगंज महानगरपालिका वडा नम्बर १४ स्थित कि.नं. ११३१ को १०-६-४ विगाह जग्गामध्ये ६ विगाह जग्गा विक्री गर्न स्वीकृति दिने ।

४. नेपाल कृषि अनुसन्धान परिषद्को सदस्यमा देहायका व्यक्तिहरूलाई दुई वर्षको लागि मनोनयन गर्ने ।

१. डा. स्वयम प्रकाश श्रेष्ठ,
२. डा. युगनाथ घिमिरे,
३. डा. विनायक प्रसाद राजभण्डारी,
४. गोविन्द केसी, घोराही उपमहानगरपालिका-१५ दाङ
५. कृष्ण प्रसाद पौडेल, सैंबु-२ ललितपुर,
६. चुन्नप्रसाद शर्मा, बुटवल, रूपन्देही,
७. यमुना घले, भरतपुर- १९ चितवन

५. २०७६-११-०६ गतेसम्ममा तोकिएको कैदमा कम्तीमा ५० प्रतिशत तथा ७५ वर्ष भन्दा माथिका ज्येष्ठ कैदीको हकमा कैद भुक्तान गरी असल चालचलन भएका र नकारात्मक सूचीको मुद्दा बाहेकका कैद छोट्याउन योग्य देखिएका जम्मा ३२९ जना कैदीहरूको बाँकी कैद कट्टारमाफी मिनाहा गर्न नेपालको संविधानको धारा २७६ बमोजिम सम्माननीय राष्ट्रपतिज्यू समक्ष सिफारिस गर्ने ।

६.सेती नदी पोखरा मनपा ३ र ११ जोड्ने पुल निर्माण गर्दा आवश्यक पर्ने ३७७.५० वर्ग मिटर क्षेत्रफल जग्गा प्राप्तिको लागि जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ बमोजिम स्वीकृति प्रदान गर्ने ।

७.२०७६ फागुन २६ देखि चैत ७ सम्म संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा आयोजना हुने महिलाको स्थितिसम्बन्धी संयुक्त राष्ट्र संघीय आयोग (सिएसडब्लू)को ६४ औं सम्मेलनमा भाग लिन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री माननीय पार्वत गुरुङको नेतृत्वको प्रतिनिधि मण्डललाई सहभागिताका लागि स्वीकृति दिने ।

८. नेपाली सेनाका पाइलट महासेनानी अर्जुन खत्री क्षेत्रीको राजीनामा स्वीकृत गर्ने ।

९. बहुप्राविधिक महाविद्यालय निर्माण र सञ्चालनार्थ सिन्धुपाल्चोक जिल्लाको चौतारा(साँगागढी चोक गढी नगरपालिका(५ स्थित आहालडाँडा सामुदायिक वन क्षेत्रसहित राष्ट्रिय वन क्षेत्रको कूल बाँकी पृष्ठ २ मा

# काठमाडौंका ९४ ढुंगेधारा र ४० पोखरी गायब

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ फागुन



काठमाडौं उपत्याका भित्रका ९४ ढुंगेधारा गायब भएका छन् । यसैगरी ९० पोखरी पनि हराएको हो । गत आर्थिक वर्ष २०७५-७६ मा काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डबाट काठमाडौं उपत्यका भित्रका ढुंगेधारा तथा पोखरीहरूको विस्तृत लगत संकलन गरी स्थलगत विवरण प्रकाशन गरिएको थियो । काठमाडौं उपत्यका भित्रका १० वटा नगरपालिका भित्र रहेका कुल ५७३ ढुंगेधारा तथा २३३ पोखरीहरूको विस्तृत नक्साकङ्न सम्पन्न सकिएको थियो । उक्त नक्साङ्कनमा कूल ५ सय ७३ ढुंगेधारामध्ये ४ सय ७९ यथास्थानमा रहेको र ९४ ढुंगेधारा हराएको उल्लेख छ । त्यसैगरी, कूल २ सय ३३ पोखरीमध्ये १ सय ९३ सकुसल रहेको र ४० पोखरी हराएको उल्लेख गरिएको छ ।

शुक्रबार खानेपानी मन्त्री बिना मगरको उपस्थितिमा काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको अगुवाईमा काठमाडौं उपत्यकाभित्रका ढुंगेधारा तथा पोखरीहरूको संरक्षणका लागि उपत्यका भित्रका केही नगरपालिकाहरूसँग सम्झौता गरिने भएको छ । अभियानकर्ताहरूले विभिन्न पोखरी र धाराहरू मिचिएकोमा छानविन गर्न माग गर्दै आएका छन् ।

# नवीकरण भए २२५ स्वास्थ्य संस्था

**मध्यान्ह संवाददाता**
काठमाडौं, फागुन १५

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीमा कामदार पठाउन २ सय २५ वटा स्वास्थ्य संस्था नवीकरण गरिएको जनाएको छ ।

वैदेशिक रोजगार ऐनको दफा ७२ तथा वैदेशिक रोजगार नियमावली २०६४ को नियम ४५ (क) मा वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्न स्वास्थ्य संस्थाहरू सूचीकरण हुनुपर्ने व्यवस्था छ । ऐन तथा नियमावलीको व्यवस्थाअनुसार, स्वास्थ्य संस्थाले प्रत्येक आर्थिक वर्षको पौष मसान्तभित्र नवीकरण गराउन पर्ने अनिवार्य गरिएको छ । यदि त्यस्ता संस्थाले बिनानवीकरण रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण गरेमा त्यो अवैध हुन्छ । यहीबीच २ सय २५ स्वास्थ्य संस्था नवीकरण भएका हुन् ।

मन्त्रालयका अनुसार, सूचीकृत विभिन्न स्वास्थ्य संस्थाले नवीकरणका लागि निवेदन दिएका थिए । तीमध्ये मापदण्ड पूरा गरेका संस्थाहरू नवीकरण गरिएको हो । नवीकरण भएका भएका संस्थाहरूले आगामी पौष मसान्तसम्म काम गर्न पाउने छन् ।

०७२ मा वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने संस्थाको संख्या ३ सय १० थियो । तर, यो संख्या घटेर गत वर्ष २ सय २६ मा आएको थियो । यस वर्ष त्यसमध्ये १ संस्था मात्रै नवीकरणमा छुटेको छ ।

मन्त्रालयका अनुसार, १ करोडभन्दा बढी लगानी गरेर मलेसियाको स्वास्थ्य परीक्षण गर्न सूचीकरण भएका स्वास्थ्य संस्थाहरूको संख्या ८६ छ । सरकारी आश्वासन अनुसार चर्को व्याजमा ऋण काढेर मलेसिया जाने कामदारको स्वास्थ्य परीक्षण गर्नै मेसिन तथा उपकरण जडान गरेका थिए । तर मलेसियाले सूचीकरण प्रक्रिया अघि नबढाएका कारण जडान भएका उपकरणहरूमा खिया लाग्न थालेको भन्दै चिन्ता व्यक्त गरेका छन् ।

**वैदेशिक रोजगार विशेष**

## फ्रान्स पठाउने भन्दै ठगी गर्ने पक्राउ

**काठमाडौं/मस-** आकर्षक तलबमा वैदेशिक रोजगारीका लागि फ्रान्स पठाइदिन्छु भनी तीन जनाबाट झण्डै ४० लाख ठगी गर्ने एक महिला पक्राउ परेकी छन् ।

महानगरीय अपराध नियन्त्रण महाशाखाको टोलीले रूपन्देही स्थायी घर भई हाल काठमाडौंको तारकेश्वर नगरपालिका- १९ बस्ने पूर्णिमा श्रीसलाई पक्राउ गरेको महाशाखाका प्रहरी उपरीक्षक मुकेशकुमार सिंहले जानकारी दिए ।

श्रीसले फ्रान्समा खाना प्याकिङको सजिलो काममा सोचेभन्दा राम्रो तलब पाइने प्रलोभन देखाएर तीन जनाबाट ३८ लाख पचास हजार रूपैयाँ उठाएको खुलेको प्रहरी दाबी छ । पीडितहरूले गत माघ २८ गते दिएको उजुरीका आधारमा श्रीसलाई पक्राउ गरिएको भन्दै प्रहरीले श्रीसालाई थप कारबाहीका लागि महानगरीय प्रहरी परिसर, काठमाडौंमा पठाइएको जनाएको छ । बाँकी पृष्ठ २ मा

श्रम प्रतिनिधि आवश्यकता

यस म्यानपावर कम्पनीका लागि श्रम प्रतिनिधि आवश्यकता भएको हुँदा इच्छुक व्यक्तिहरूले सम्पर्क राख्नुहोला ।

श्रम प्रतिनिधि : १ जना

तलब आपसी सहमतिमा

म्यानपावरमा अनुभव भएकालाई प्राथमिकता दिइनेछ ।

प्रुडेन्सियल ओभरसिज प्रा. लि.

पिंग्लास्थान?, काठमाडौं, Tel:- 01-5104525, 9802002017

E-mail : Pnpnepaloffice@gmail.com

# लालपुर्जा माग गर्दै निवेदन

**तनहुँ/रासस-** तनहुँको शुक्लागण्डकी नगरपालिकाका विभिन्न वडामा अव्यवस्थित रुपमा बसोबास गर्दै आइरहेकाले लालपुर्जाको माग गर्दै निवेदन दिएका छन् । एक हजार ९०३ जनाले प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित समिति समक्ष निवेदन दिएका हुन् । भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयले तनहुँका प्रजिअको अध्यक्षतामा गत जेठ २९ गते एक समिति गठन गरेको थियो ।

समितिले काम शुरु गरेपछि अव्यवस्थितरूपमा बसोबास गर्दै आइरहेका सर्वसाधारणले निवेदन दर्ता गराएको र उक्त निवेदनमाथि अध्ययन भइरहेको प्रजिअ एवं समितिका अध्यक्ष रुद्रप्रसाद पण्डितले जानकारी दिए । सो नगरपालिकाका अव्यवस्थित बसोबासीले जग्गा दर्ता प्रक्रियामा भएको ढिलाइप्रति विरोध जनाउँदै आइरहेका छन् । अव्यवस्थित बसोबासी जग्गा दर्ता समन्वय समितिका अध्यक्ष प्रेमकुमार श्रेष्ठले समितिले छिटोभन्दा छिटो प्रक्रिया टुंग्याएर लालपुर्जा वितरण गर्न माग गरे ।

जग्गा वितरणका लागि कानूनी तथा नीतिगत समस्या रहेको समितिले जनाएको छ । मन्त्रालयबाट अव्यवस्थित बसोबासीको नाममा जग्गा दर्ता गर्नेसम्बन्धी आदेश



२०७६ जारी गरेपछि समितिले कार्यारम्भ गरे पनि आदेशमा उल्लेख नभएका तर स्पष्ट गर्न बाञ्छनीय देखिएका कानूनी तथा नीतिगत विषयमा स्पष्टता जरुरी देखिएको प्रजिअ पण्डितले जानकारी दिए ।

उनका अनुसार कानूनी तथा नीतिगतरुपमा स्पष्ट गरी समितिले निर्देशनका लागि सो मन्त्रालयमा लेखी पठाइएको छ । अव्यवस्थित बसोबासी भन्नाले सरकारी वा सरकारी प्रकृतिको जग्गामा घर बनाई वा आवाद कमोद गरी बसोबास गरी आएको नेपाली नागरिक वा निजप्रति आश्रित परिवार भन्ने उल्लेख भएकाले आवाद कमोद गरी बसोबास गरी आएको भन्ने शब्दहरुले जग्गामा कुनै पनि प्रकृतिको संरचना निर्माण गरी बसोबास गरेको बुझिने भएकाले उक्त सम्बन्धमा स्पष्ट पार्न आग्रह गरिएको छ ।

त्यस्तै प्रतिपरिवार क्षेत्रफल १-८-०-० रोपनीसम्म सम्बन्धित व्यक्तिको नाममा दर्ता गर्ने भनी उल्लेख भएकाले परिवारको व्याख्या कुन ऐन वा नियमावलीको आधारमा गर्ने, कुन मितिसम्म बसोबास गरेको परिवारलाई मान्ने ? छुट्टिभिन्न भई अंशवण्डासमेत भएको प्रमाण पेश गर्न नसकेको हकमा संयुक्त परिवार मान्ने वा नमान्ने विषयमा स्पष्ट पार्न मन्त्रालयसँग अनुरोध गरिएको छ । एकै परिवार वा व्यक्ति विशेषलाई एकभन्दा बढी कित्तासमेत जोडी तोकिएको अधिकतम जग्गामा नबढ्ने गरी वितरण गर्न मिल्ने वा नमिल्ने विषयमा स्पष्ट पार्न समितिले आग्रह गरेको छ ।

यसैगरी समितिले जग्गाको नक्सा कायम रहिरहेको अवस्था भएकाले सोही नक्साका कित्ता जग्गाबाट निवेदकले जग्गा माग गरेको देखिएकाले सो अवस्थामा नक्सा कायम हुँदाहुँदै नापनक्सा गरी नयाँ नक्सा कायम गर्न मिल्ने वा नमिल्ने बारेमा स्पष्ट पार्न आग्रह गरेको छ । समितिले वितरण गर्न लागेको सरकारी वा सरकारी प्रकृतिको जग्गा व्यक्ति विशेषको नाममा दर्ता गर्दा जग्गाधनी श्रेस्ता र प्रमाणपत्रको ढाँचा र दर्ता भई बिक्री वितरण गर्न पाउने अवधि नखुलेकाले जग्गाधनी दर्ता प्रमाणपुर्जाको ढाँचा र बिक्री वितरणको अवधि किटान गर्न आग्रह गरेको जनाएको छ ।

बैठकले नीतिगत निर्णयको विषयमा मन्त्रालयबाट निर्देशन प्राप्त हुनासाथ नापी कार्यारम्भ गर्ने निर्णय गरेको प्रजिअ पण्डितले जानकारी दिए । समितिको लागि नियमित कामकाज गर्ने गरी मालपोत अधिकृत अविलम्ब पदपूर्तिको लागि मन्त्रालयसँग माग गरिएको छ ।

समितिले यस अवधिमा करीब पचास प्रतिशत कार्यसम्पादन गरिसकेको र समितिले नीतिगत स्पष्टतासहित सहजतापूर्वक कार्यसम्पादन गर्न मन्त्रालयबाट निर्देशन प्राप्त भएपछि नापी नक्सा कार्यसम्पादन गर्न, नक्सा कित्ताकाट एवं तयारी गर्न, संशोधन एवं दाबी विरोध सूचना, जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण गर्न समय लाग्न भएकाले बाँकी म्यादभित्र कार्यसम्पादन गर्न समय अपुग देखिने हुँदा समितिको म्याद छ महिनाका लागि थप गर्न माग गरिएको छ । यसअघि समितिको म्याद विसं २०७७ जेठ २८ गतेसम्म कायम रहेको छ ।

यस क्षेत्रका बासिन्दा लामो समयदेखि लालपुर्जाविहीन अवस्थामा रहेका छन् । विसं २०११ देखि जग्गा दर्ता नहुँदा उनीहरु लालपुर्जाविहीन अवस्थामा रहेका हुन् । विसं २०५६ मा दर्ता प्रक्रियामा रहेका उक्त जग्गा आमनिर्वाचनलाई प्रभावित पार्ने भन्दै रोक्का गरिएपछि यहाँका स्थानीयवासीले लालपुर्जा पाउन सकेका छैनन् । जग्गा दर्ताका लागि यहाँका स्थानीयवासीले पटक-पटक आन्दोलनसमेत गर्दै आइरहेका छन् ।

# खानेपानी संस्थानको क्षमता बढाउन निर्देशन

**काठमाडौं/मस-** खानेपानी मन्त्री बिना मगरले खानेपानी संस्थानलाई व्यावसायिक ढङ्गले सुदृढ बनाई नयाँ योजनाका साथ अघि बढ्न व्यवस्थापन पक्षलाई निर्देशन दिएकी छन् । नेपाल खानेपानी संस्थानको ३१औं वार्षिकोत्सव समारोहमा बिहीबार मन्त्री मगरले संस्थानको गरिमालाई अझ उचाईमा पुऱ्याउन नयाँ कार्ययोजनासहित अघि बढ्न निर्देशन दिएकी हुन् ।

'संस्थानको आवश्यकता अहिले हरेक जिल्ला र स्थानीय तहमा परिरहेको छ । एउटै गति र एकरुपतामा काम अघि बढाउनुस् । यो संस्थाको उचाई अझ बढाउनुस्,' उनले भनिन्, 'सरकार यो संस्थालाई सहयोग गर्न पूर्ण प्रतिबद्ध रहेको छ ।' संस्थानले नयाँ कार्यक्रम ल्याई आफ्नो भूमिकालाई बजारमा प्रभाव पार्ने गरी काम गर्न उनले निर्देशन दिइन् ।



कार्यक्रममा खानेपानी मन्त्रालयका सचिव माधव बेल्वासेले संस्थानको महत्व कहिल्यै नघटेको बरु यसको आवश्यकता बढेको बताए । 'संस्थानका चुनौती धेरै छन्, यी चुनौतीसँग सामना गर्दै अघि बढ्नुपर्ने बेला आएको छ,' उनले भने, 'संस्थानले सानातिना आयोजनामा मात्रै ध्यान केन्द्रित नगरी थोक वितरण प्रणालीमा आधारित ठूल्ठूला खानेपानी आयोजनाको अध्ययन गरी अघि बढ्नुपर्ने समय आएको छ । त्यसका लागि निजी वा विदेशी लगानी ल्याउने गरी काम गर्नुपर्ने हुनसक्छ ।'

उनले नेपालको मिनरल, स्प्रीङ र ग्लेसियर वाटरलाई अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्ने गरी अध्ययन गर्न समेत संस्थानलाई आग्रह गरे । संस्थानका महाप्रबन्धक डा.भूपेन्द्र प्रसादले खानेपानीको समस्या भएका मुख्य सहरहरु बुटवल, नेपालगञ्ज, पोखरा र विराटनगरमा खानेपानी आपूर्ति गर्ने गरी कामहरु अघि बढेको जानकारी दिए ।

# दशगजा फोहरले दुर्गन्धित

**कपिलवस्तु/मस-** कपिलवस्तुको नेपाल-भारत दशगाज क्षेत्र दिनप्रतिदिन दुर्गन्धित बन्दै गएको छ । भारतसँग नजिकै रहेको बजारको रुपमा परिचित कृष्णनगर, मर्यादपुर, चकलचौडाको दशगजामा फोहर व्यवस्थापन हुन नसक्दा दुर्गन्धित बन्दै गएको हो । दशगजा खुला भएपछि यहाँका व्यवसायी र स्थानीयले सो क्षेत्रमा दिनहुँ फोहर फाल्ने र त्यसको प्रभावकारी व्यवस्थापन हुन नसक्दा यहाँको बजारनै दुर्गन्धित हुँदै गएको छ ।

फोहर व्यवस्थापन गर्न कहीबाट पहल नभएको पत्रकार अंकुश श्रीवस्तावले बताए । उनले भने, 'यसमा दुवै देशका सरकारी निकायको चासो कम छ । एकले अर्कालेे गर्छ कि भनी मुख ताकेजस्तो देखिन्छ, यसले गर्दा बजार नै प्रदूषित भएको छ ।' फोहर व्यवस्थापनमा भारतीय पक्षले पनि चासो देखाउने गरेको छैन ।

दशगजामा भएको दुर्गन्धले तेस्रो मुलुक हुँदै नेपाल आउने र भारत जाने पर्यटकलाई समेत नकारात्मक असर परेको स्थानीय समाजसेवी राजेश यादवले बताए । नजिकको वातावरण प्रदूषित हुँदा व्यापारसमेत कम हुने गरेको दुवै देशका व्यापारी बताउँछन् ।

## ओलीलाई ...

ओली सरकार फेर्ने कसरतमा रहेको चर्चा चल्न थालेको छ । पुस अन्तिमतिर भैसेंपाटीस्थित वामदेव निवासमा भएको वहुमत सचिवालय सदस्यको भेटबाट नै सरकार फेर्ने कुरा अगाडि आएको बताइन्छ । बाँस्कोटा प्रकरण, यति काण्ड लगायतका कारण सरकार अलोकप्रिय हुँदै गएकाले सरकार फेर्नुपर्ने मत दाहालको रहेको बुझिन्छ। त्यो कुराको सुईंको प्रधानमन्त्री ओलीलाई पनि छ । यसरी आफ्नाविरुद्ध पार्टीको नेतृत्व तहकै नेता लागेको तथ्य ओलीले शेखरलाई सुनाए । पार्टीभित्र बबण्डर मच्चिने देखिएपनि ओली आफूसँगको भेटमा कन्फिडेन्ट देखिएको भन्दै शेखरले भने, ' उहाँलाई आफ्नाविरुद्धको माइनुट लेखिएको बारेमा थाहा छ । तर उहाँ कन्फिडेन्ट देखुनुहुन्छ र सेटल गर्छु पनि भन्नु भयो ।'

नेकपा सचिवालयले वामदेव गौतमलाई (प्रधानमन्त्री बनाउने गरी) राष्ट्रिय सभामा लैजान भन्दै संविधान संशोधनका लागि कार्यदल बनायो। राष्ट्रिय सभा सदस्य प्रधानमन्त्री बन्न नपाउने व्यवस्थाका कारण गौतमले यस अघि नै संविधान संशोधन बिना राष्ट्रिय सभामा नजाने बताएका थिए । यस कार्यदलको गठन प्रक्रिया देखिनै ओली रुष्ट देखिए । कोइरालासँगको भेटमा पनि ओलीले यही विषयमा केही कुराकानी गरे । 'संविधान संशोधनमा उहाँको र मेरो विचार एउटै रहेछ । उहाँले कुनै व्यक्तिको स्वार्थका लागि संविधान संशोधन गर्न नहुने बताए । मैले उहाँको कुरामा सहमति जनाएँ', उनले भेटमा भएको कुराकानी बारे सुनाए ।

सञ्चारमन्त्री गोकुल बाँस्कोटाले कमिसन मागेको अडियो टेप सार्वजनिक भएपछि पदबाट राजीनामा दिए । बाँस्कोटा ओलीको विश्वास पात्र मानिन्थे र ओलीको बचाउमा पनि खुलेरै लाग्थे । उनको बहिर्गमनबाट कमजोर भइसेकाका ओलीले कोइरालासँगको भेटमा 'बाँस्कोटालाई पनि नछोड्ने' बताए ।

कोइराला भन्छन्, 'उहाँले यसबारेमा धेरै कुरा गर्न त चाहनु भएन तर गोकुललाई पनि नछाड्ने बताउनुभयो ।'

मलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) सम्झौतामार्फत सहयोग लिनेरनलिने विषयमा नेकपा भित्रै मतभेद छ । केन्द्रीय कमिटीको बैठकले झलनाथ खनालको संयोजकत्वमा यसबारे अध्ययन गर्न कार्यदल गठन गरेको थियो । कार्यदलले यथास्थितिमा सम्झौता पास गर्न नहुने रायसहितको प्रतिवेदन ओलीलाई बुझाइ सकेको छ । ओली एमसिसी जसरी भएपनि संसदबाट पारित बनाउनुपर्ने अडानमा छन् । शेखरसँगको भेटमा एमसिसीको विषयमा पनि ओलीले कुरा गरे । कोइरालाले भने, 'यसमा प्रधानमन्त्रीको पहिला जे अडान थियो त्यही हो। उहाँले पारित नै हुन्छ भन्नुभयो ।'

## पेट्रोल...

अदालत दिपायलका पूर्वमुख्य न्यायाधीश कुमारप्रसाद पोखरेललाई नियुक्त गरिएको छ । सदस्यहरूमा टीका बुढाथोकी, ममतादेवी शर्मा र सरस्वती देवी भट्टराई नियुक्त भएका छन् ।

## फ्रान्स...

इजाजतपत्र नलिएकी श्रीसले वैदेशिक रोजगार ठगीमा दोषी ठहरिएमा ५ लाख रूपैयाँसम्म जरिवाना साढे तीन वर्षसम्म कैद हुने कानूनी व्यवस्था रहेको छ ।

## यस्ता...

०.८९७० हेक्टर राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न र त्यहाँ रहेका रुखरपोल विरुवाहरू हटाउन समेत स्वीकृति दिने ।

१०. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि)(दोस्रो संशोधन) नियमावली, २०७६ स्वीकृत गर्ने ।

११. २०७७ सालमा दिइने सार्वजनिक, पर्व एवं सट्टा बिदा र कार्यालय समय निर्धारण गरी स्वीकृत गर्ने ।

२०७६ साल फागुन १२ गते सोमबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णय

१. पूर्वाधार विकास करको दर परिमार्जन गर्ने ।

२. मिति २०७६ फागुन २०-२१ मा बंगलादेशको ढाकामा हुने नेपाल(बंगलादेश वाणिज्य सचिव स्तरीय उच्च संयन्त्रको पाँचौ बैठकमा सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव (वाणिज्य तथा आपूर्ति) डा बैकुण्ठ अर्यालको नेतृत्वमा ८ सदस्यीय वार्ता टोली गठन गर्ने ।

३. देहायका व्यक्तिहरूलाई नेपाल कानुन आयोगको सदस्य पदमा नियुक्त गर्ने:

(क) शोभा बुढाथोकी, काठमाडौं-१४, काठमाडौं ।

(ख) उद्धवचन्द्र घिमिरे, विराटनगर-४, मोरङ ।

(ग) नारायण नेपाल, काठमाडौं-१६, काठमाडौं ।

४. राष्ट्रिय न्यायिक प्रतिष्ठानको परिषद्को सदस्यमा देहायका व्यक्तिलाई मनोनयन गर्ने:

(क) रमा श्रेष्ठ, ललितपुर, महिला सदस्य

(ख) हरिन्द्र राई, खोटाङ, जनजाति सदस्य

(ग) भोजमान लाम्गादे, इलाम, दलित सदस्य

५. नेपाल-भारत सीमा निरीक्षण समितिको कार्यावधि २०७७ साल असार मसान्तसम्म थप गर्ने ।

६. सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षणसम्बन्धी जाँचबुझ आयोगका सदस्य जगत देउजाले सदस्य पदबाट दिनुभएको राजीनामा स्वीकृत गर्ने ।

७. संखुवासभा जिल्लामा जग्गा पुनः नाप जाँच गर्नको लागि स्वीकृति दिने ।

८. समस्याग्रस्त सहकारी संस्था वा संघको व्यवस्थापन समितिमा देहाय बमोजिमका व्यक्तिहरूलाई नियुक्ति तथा मनोनयन गर्ने:

(क) कुमार प्रसाद पोखरेल (पूर्वमुख्यन्यायाधीश, उच्च अदालत, दिपायल) अध्यक्ष

(ग) टिका बुढाथोकी, राष्ट्रिय सहकारी महासंघले तोकेको प्रतिनिधि-सदस्य,

(घ) ममतादेवी शर्मा, उपाध्याय, सहकारी क्षेत्रको विज्ञ-सदस्य

(ङ) सरस्वतीदेवी भट्टराई, सहकारी क्षेत्रको विज्ञ-सदस्य

(च) नेपाल सरकारले तोकेको राजपत्रांकित द्वितीय श्रेणीको अधिकृत- सदस्य सचिव

९. सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षणसम्बन्धी जाँचबुझ आयोगका सदस्य पदमा महेन्द्र कुमार थापा क्षेत्री (ललितपुर (१८ भैंसेपाटी)लाई नियुक्त गर्न स्वीकृत दिने ।

१०. ख्वप कलेज अफ इन्जिनियरिङ, लिवाली, भक्तपुरलाई बिई कम्प्युटर -४८ जनासहितको नयाँ थप कार्यक्रम अध्ययन अध्यापन गराउन अस्थायी स्वीकृति प्रदान गर्ने ।

११. बालबालिकासम्बन्धी नियमावली जारी भई अर्को व्यवस्था नहुञ्जेलसम्मका लागि बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ४३ मा उल्लिखित प्रोवेसन अधिकारीको बाल न्यायसँग सम्बन्धित काम, कर्तव्य र अधिकार बमोजिमको कार्य गर्ने गरी बालबालिकासम्बन्धी ऐन २०७५ को दफा ७९ (२) बमोजिम सबै जिल्ला अदालतहरूमा कार्यरत रहेका राजपत्रांकित अधिकृतस्तरको तहसिलदारलाई नेपाल सरकारलाई थप आर्थिक व्यय भार नपर्ने गरी प्रोवेसन अधिकारी तोक्ने र राजपत्रांकित अधिकृतस्तरको तहसिलदार नभएको स्थानमा अदालतको स्रेतेदारलाई नेपाल सरकारलाई थप आर्थिक व्यय भार नपर्ने गरी प्रोवेसन अधिकारी तोक्ने ।

१२. खेलकुद पुरस्कार तथा सम्मान कार्यविधि २०७२ को पहिलो संशोधन स्वीकृत गर्ने ।

१३. मौलाकाली केवलकार आयोजनाको रो एलाइन्मेन्ट (१०-१० मिटर रो एलाइन्मेन्टसहित केही टावर संरचनाहरू रहने गरी) र माथिल्लो स्टेसन निर्माण गर्न नवलपुर जिल्ला (बर्दघाट सुस्ता पूर्वनवलपुर) को गैंडाकोट नगरपालिका-१ मा पर्ने मौलाकाली सामुदायिक वनरमौलाकाली धार्मिक वनसमेतको गरी कूल २.८२०६ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने ।

१४. सिद्धार्थ केवलकार आयोजनाका लागि तल्लो स्टेसन निर्माण गर्न रूपन्देही जिल्ला बुटवल उपमहानगरपालिका(१ स्थित राष्ट्रिय वन क्षेत्रको थप कूल २.११८ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने ।

१५. देहायका स्थानीय तहलाई देहाय बमोजिम जग्गा प्राप्ती गर्न स्वीकृति प्रदान गर्ने

१. मिक्लाजुङ गाउँपालिका, पाँचथरको साविक आरुबोटे गाविस वडा न. ५ को ४२ रोपनी जग्गा एकीकृत कृषि नमूना केन्द्र स्थापनाको लागि ।

२. पालुङटार नरगपालिका, गोर्खाको साविक च्याङली गाविस वडा न. ५ को १ रोपनी जग्गा प्रहरी चौकी भवन निर्माण, साविक खोप्लाङ गाविस वडा न. ८ को ३-१-०-० रोपनी पर्यटकिय पूर्वाधार निर्माण गर्न, साविक पालुङटार गाविस वडा न. ७ को ०-५ -२-० रोपनी वडा कार्यालय भवन निर्माण र साविक आँपपिपल गाविस वडा न. ४ को १६ -८-०-३ रोपनी लिगलिगकोट दरबार र गढी संरक्षणको लागि ।

३. नराहा गाउँपालिका, सिरहाको गाउँपालिका को वडा न. ५ को ०-८-० विगाह जग्गा प्रशासकीय भवन निर्माण, साविक बर्छवा गाविस वडा न. ६ को ० -३-१ विगाह दिना भद्री प्राविको भवन निर्माण र वडा न. ८ को ० -५- ९ विगाह जवउ माविको भवन निर्माणको लागि ।

४. देवताल गाउँपालिका, बाराको साविक रौवाही गाविस वडा न. ७ को ३-१२-१० विगाह बहुउद्देश्यीय रंगशाला निर्माण लागि ।

५. गौरीगंज गाउँपालिका झापाको गाउँपालिकाको वडा न २ को ३-०-० विगाह ल्याण्डफिल साइट निर्माणका लागि ।

६. धार्चे गाउँपालिका गोरखाको गाउँपालिकाको वडा न. ५ को ४-२-०-० रोपनी गाउँपालिकाको प्रशासकीय भवन निर्माण लागि ।

७. गलकोट नगरपालिका, बाग्लुङको साविक मल्म गाविस ३ को २-७-०-२ रोपनी वडा कार्यालय भवन निर्माणको लागि ।

८. राजपुर नगरपालिका, रौतहटबाट साविक राजपुर गाविस वडा न. ३ को ० -१०-० विगाह नगरपालिकाको प्रशासकीय भवन निर्माण र वडा न. ५ को ० -५-० विगाह स्वास्थ्य चौकी भवन निर्माणको लागि ।

१६. नेपाल स्वास्थ्य व्यवसायी परिषद्को रजिष्ट्रार पदमा मोतीपुर ३, कपिलवस्तु निवासी पुष्पराज खनाललाई नियुक्ति गर्ने ।

१७. देहायका पदाधिकारीहरूलाई वीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल सञ्चालक समितिमा सदस्य पदमा मनोनयन गन-

१. डा. सुनन्दा सुन्दास, भोजपुर ५, भोजपुर-सदस्य

२. डा. रक्षा श्रेष्ठ, धरान - ९, सुनसरी ।

३. डा. विनय कुमार ठाकुर, जनकपुर- ३, धनुषा ।

४. डा. कैलास कुमार भण्डारी, इटहरी-८, सुनसरी ।

५. रामप्रसाद न्यौपाने, कल्याणपुर- ९, चितवन ।

६. निशा अधिकारी, फूलबारी-३, चितवन ।

१८. नेपाल फार्मेसी परिषद्को रजिष्ट्रार पदमा सुगा भवानीपट्टी-८, महोत्तरी निवासी संजीव कुमार पाण्डेयलाई ४ वर्ष पदावधि कायम हुने गरी नियुक्ति गर्ने ।

१९. स्टाण्डर्ड नाप र तौल (मोहर बन्द प्याकेज) नियमावली, २०७६ स्वीकृत गर्ने ।

२०. संस्था दर्ता (नवौं संशोधन) नियमावली, २०७६ स्वीकृत गर्ने ।

२१. राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश, २०७६ स्वीकृत गर्ने ।

२२. काठमाडौं उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ स्वीकृत गर्ने ।

## सीपी...

नायब उपरीक्षक राजन चापागाईले जानकारी दिए । मैनालीको टाउको र शरीरको अन्य भागमा गम्भीर चोट लागेको छ भने बुहारीको दुवै खुट्टा भाँचिएको प्रहरीले जनाएको छ । उनीहरूको काठमाडौंको धापासीस्थित ग्राण्डी अस्पतालमा थप उपचार भइरहेको छ ।


लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

**क्याटलग सपिङ्ग विधिबाट सवारी साधन खरीदका लागि सुचिकृत आह्वान गरिएको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७६/११/१६ गते**

यस गाउँपालीका अन्तर्गत ठूलो धादिङ स्वास्थ्य चौकीका लागि चालू आ.व.२०७६/७७ आवश्यक एक थान एम्बुलेन्स उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी, त्यसको अधिकृत/आधिकारिक विक्रेताले नियमानुसारका आवश्यक कागजातहरुको प्रमाणित प्रतिलिपिहरु समावेश गरी सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ३१(ख) अनुसार सवारी साधनको उत्पादकको आधिकारिक स्पेशिफिकेशन, मूल्य र सुविधा सहितको गुणस्तर विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिन कार्यालय समय भित्र यस कार्यालयको मौजुदा सूचीमा सूचिकृत हुन उत्पादक वा आधिकारिक बिक्रेताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि कार्यालय समय भित्र सम्पर्क गर्नुहुन अनुरोध छ ।

| सि. नं. | ठेक्का नं. | सवारी साधनको नाम | सवारीको संक्षिप्त परिचय | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | LPRM/CAT/076/77-01 | Double cap Right Hand Wheel Driver Pick-Up Ambulance | Double cap Right Hand Wheel Driver Pick-Up Ambulance, GVW shall not be less than 2500 kgs, seating capacity at least 4 attenants including patient & driver, Diesel engine power not less than 60 HP at governed RPM and Torque not less than 110 Nm, Ground clearance minimum 180 mm, power steering, minimum of one year warrenty, Essential Accessories: Stretcher with mattress, Belts & Floor mount kit, siren, Revolving light, oxygen cylinder holder, saline bottle holder, First aid box, hand wash basin, Anti-kit Floor | १ थान | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ । |

प्रमुख प्रशासकीय अधिकृत



**कुवेतमा रोजगार**

१. कम्पनी : ABEER AL WARAD LADIES BEAUTY CALON CO. W.L.L. शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०७६/११/०२ चलानी नं.: ६०१५१६४४ L.T. No.: 233063 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners Workers | 0 | 10 | स. काममा दक्ष | 85 | ३१,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : KHADEEJAH GOLDEN SICESSORS BEAUTY SALON COMPANY FOR LADIES W.L.L. शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०७६/१०/१७ चलानी नं.: ६०१५०९८१ L.T. No.: 231770 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 2 | स. काममा दक्ष | 120 | ४४,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी : KUBE BOND FOR CAR ACCESSORIES AND SPARE PARTS COMPANY W.L.L. शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०७६/१०/२८ चलानी नं.: ६०१५१५४५ L.T. No.: 232875 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesman | 50 | 0 | स. काममा दक्ष | 120 | ४४,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २३ गते (6 March 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Govt. Lic. No. 865/066/067
**RHYTHM OVERSEAS PVT. LTD.**
Battisputali, Old Baneshwor, Kathmandu, Tel.: 4478824, 4478825
9851041625, 9808802926,Email.: info@rhythmoverseas.com.np, rhythmnepal@gmail.com

# मलाई किन मुछियो ?

**काठमाडौं/मस–** प्रतिनिधिसभाका सदस्यले भ्रष्टाचार र अनियमितता नियन्त्रण तथा सार्वजनिक जग्गा अतिक्रमण रोक्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराएका छन् । प्रतिनिधिसभाको बिहीबारको बैठकको विशेष समयमा उनीहरुले हालै सार्वजनिक भएका विभिन्न भ्रष्टाचारका काण्डमा छानबिन गरी दोषीलाई कारवाही गर्न तथा नेपाल ट्रष्ट र गुठीका जग्गासम्बन्धी विवाद समाधान गर्न माग गरे ।



सांसद जनार्दन शर्माले हालै सार्वजनिक गरिएको नेपाल ट्रष्टको सम्पत्तिसम्बन्धी श्वेतपत्रमा विनाकारण आफ्नो नामसमेत उल्लेख भएको भन्दै आपत्ति जनाए । उनले आफूले ट्रष्टको कार्यालय पुगेर तथ्य बुझ्ने क्रममा कर्मचारीले समेत आफ्नो कुनै संलग्न नभएको बताए पनि श्वेतपत्रमा किन नाम उल्लेख गरियो भनी सरकारसँग जवाफ माग गरे । पूर्वगृहमन्त्री शर्माले भने, 'यो श्वेतपत्र हो कि, अश्वेतपत्र हो,' उनले राज्य व्यवस्था समितिमा आफू संविधानप्रतिकूलका विधेयक सच्याउन अन्य सांसदसँगै लागेको र भ्रष्टाचारमुक्त समाज निर्माणमा लागेको हुनाले आफ्नो नाम उल्लेख गरिएको हो कि भनी आशंका व्यक्त गरे ।

सांसद अतहरकमाल मुसलमानले रु ५० अर्बभन्दा बढीका आयोजना विनाप्रतिस्पर्धा ठेक्कामा दिन लागिएको हो भनी आफूले सदनमा प्रश्न गर्दा प्रधानमन्त्रीले जवाफ दिँदै त्यस्ता आयोजना विनाप्रतिस्पर्धा ठेक्कामा दिइँदैन भनेको तर अहिले सोही विषयको विधेयक अघि बढाइएको भन्दै सरकारको ध्यानाकर्षण गराए । सांसद महीन्द्रराय यादवले तराई-मधेशको 'लाइफलाइन' हुलाकी राजमार्ग निर्माणमा ढिलाइ भएको प्रति सरकारको ध्यानाकर्षण गराए ।

सांसद रामबाबुकुमार यादवले वीरगञ्जमा केही प्रहरीले स्थानीय किसान र व्यापारीमाथि ज्यादती गरेको भन्दै दोषीलाई कारवाहीको माग गरे । सांसद दुर्गा पौडेलले सेक्युरिटी प्रेस खरिदसम्बन्धी हालै सार्वजनिक भएको अडियोको सम्बन्धमा छानबिन गरी सो प्रकरणमा पर्दा पछाडि रहेका सबैलाई कारवाहीको दायरामा ल्याउनुपर्ने माग गरिन् । उनले सो सम्बन्धमा प्रधानमन्त्रीले सदनमा जवाफ दिनुपर्ने पनि बताइन् । सांसद प्रेम सुवालले हालै संसद् सचिवालयमा अघि बढेको पर्यटन मन्त्रालयसँग सम्बन्धित विधेयकमा भाषागत र अन्य धेरै त्रुटि देखिएको उल्लेख गर्दै गल्ती गर्नेले राजीनामा दिनुपर्ने माग गरे ।

सांसद पदम गिरीले वर्तमान सरकारका कार्यले मुलुकमा आर्थिक सुधार र विकास निर्माणका काम अघि बढेको उल्लेख गर्दै सरकारले भ्रष्टाचार नियन्त्रणको अभियान अघि बढाएसँगै भ्रष्टाचारी त्रसित भएको जिकिर गरे । सांसद भीमसेनदास प्रधानले ऐतिहासिक काठमाडौंको टुँडिखेल बसपार्क र विभिन्न व्यवसाय तथा संघसंस्थाको अतिक्रमणको चपेटामा परेको छ भन्दै टुँडिखेल अतिक्रमणबाट जोगाउन काठमाडौंवासी नै सडकमा उत्रिनुपर्ने हो कि भनी सरकारलाई प्रश्न गरे ।

सांसद बृजेशकुमार गुप्ताले लुम्बिनी क्षेत्रमा बाटो निर्माणमा भएको ढिलाइ र गुणस्तरहीनताप्रति सरकारको ध्यानाकर्षण गराए । सांसद पुष्पा भुसालले बारामा नेपाली काँग्रेसका कार्यकर्तामाथि आक्रमण गर्ने र बदनाम गर्ने तथा झुटा मुद्दा लगाउने काम भएको भनी आपत्ति जनाइन् । सांसद इन्दुकमारी शर्माले नागरिकताजस्तो महत्वपूर्ण विषयको विधेयक पारित गर्न भएको ढिलाइप्रति चिन्ता व्यक्त गर्दै तत्काल अघि बढाउन आग्रह गरिन् ।

सांसद मोहम्मद इस्तियाक राईले गुठीका जग्गा अतिक्रमण भएको जनाउँदै सत्यतथ्य छानबिन गर्न माग गरे । उनले नागरिकतासम्बन्धी नयाँ कानून बन्न नसक्दा धेरै विद्यार्थी उच्च शिक्षा अध्ययन र रोजगारीको अवसरबाट वञ्चित हुनुपरेकाले तत्काल सो विधेयक पारित गर्न माग गरे ।

## गणपूरक संख्या नपुगेपछि बैठक स्थगित

**काठमाडौं/मस–** प्रतिनिधिसभाको बिहीबारको बैठक गणपूरक संख्या नपुगेपछि स्थगन भएको छ । बैठकमा सभामुख अग्निप्रसाद सापकोटोले 'संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७६ माथि विचार गरियोस्' भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा नेपाली कांग्रेसका देवप्रसाद तिमिल्सिनाले गणपूरक सङ्ख्याका बारेमा नियमापत्ति गरेका थिए ।

नियमापत्तिपछि सभामुखले गणपूरक संख्या यकिनका लागि संघीय संसद् सचिवालयका कर्मचारीलाई निर्देशन दिएका थिए । सचिवालयले ३ मिनेट जनाउ घण्टी बजाएर सांसद संख्या यकिन गर्दा कम्तीमा एक चौथाइ अर्थात् ६९ जना हुनुपर्नेमा जम्मा ५८ सांसदको मात्र उपस्थिति रहेको पाइएको थियो ।

नेपालको संविधानको धारा ९४ अनुसार सदनमा कुनै पनि प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा हाल कायम सांसद संख्याको एक चौथाइ उपस्थिति हुनुपर्छ । एक चौथाइ सांसदको उपस्थिति नदेखिएपछि सभामुखले कार्यसूचीमा रहेका सम्पूर्ण कार्यक्रम हटाइएको जानकारी दिँदै बैठक स्थगन गरेका थिए । प्रतिनिधिसभाको अर्को बैठक यही फागुन १८ गते अपराह्न १ बजे बस्नेछ ।

# संविधानले सुम्पेका जिम्मेवारी निर्वाह गर्नेछौं : प्रधानसेनापति

**नेपालगञ्ज/मस–** प्रधानसेनापति पूर्णचन्द्र थापाले नेपाली सेना इतिहासदेखि आजसम्म आफ्नो कर्तव्यमा अडिग र अविचलित रहँदै नेपालको संविधानले सुम्पिएका विशिष्ट जिम्मेवारीहरु निर्वाह गर्दै आएको बताएका छन् । बिहीबार नेपालगन्जस्थित चारबाहिनी ब्यारेकमा आयोजित भूतपूर्व नेपाली सैनिकको तेस्रो चरणको पाँचौं सम्मेलनको उद्घाटन गर्दै उनले भने, 'हाम्रा पूर्खाहरुको रगत र पसिना तथा बलिदानद्वारा रचित सुनौलो र गौरवमय इतिहासलाई जीवन्त राख्न हामी सेवारत र सेवानिवृत्त सैनिकहरु सदैव समर्पित रहेका छौं र रहनु पर्दछ ।'



राष्ट्रिय एकता नै नेपाली सेनाको शक्ति र सुरक्षाको प्रमुख आधार भएको उल्लेख गर्दै प्रधानसेनापति थापाले राष्ट्रिय एकता कायम राख्नु नेपाली सेनाको संवैधानिक जिम्मेवारी रहेको बताए । उनले देशमा पहिचान भएका ऐतिहासिक धरोहरहरुको मर्मतसम्भार गर्ने, युद्ध संग्रहालय संस्कृतिको विकास गर्ने तथा नेपाल भ्रमण वर्षलाई समेत टेवा पुऱ्याउने उद्देश्यले यस वर्ष सिन्धुलीगढीमा युद्ध संग्रहालय निर्माण, काभ्रेको पृथ्वीगढी थुम्कामा भ्यू प्वाइन्ट निर्माण तथा पाल्पा दरवारमा शस्त्रअस्त्र कक्ष निर्माण कार्य शुरु भएको जानकारी दिए । बारामा यसै वर्षबाट युनिफिकेशन मेमोरियल पार्क निर्माण कार्यको थालनी गरिएको पनि उनले उल्लेख गरे ।

प्रधानसेनापति थापाले सेवानिवृत्त भएका पूर्व सैनिकहरुको आर्थिक सामाजिक जीवनस्तर अभिवृद्धिका लागि सैनिक कल्याणकारी कोषबाट शिक्षा, स्वास्थ्य, सीप र स्वरोजगार तथा सुविधार र सहुलियतलाई बढाउँदै लगिएको र यसलाई पूर्व सैनिकको घरदैलामै पुऱ्याउने गरी सेवा विस्तार र विविधीकरण गरिएको बताए । हाल नेपाली सेनामा सकल दर्जाका गरी करिब ८५ हजार सेवानिवृत्त छन् हितकारीको संख्या करिब आठ लाख रहेको छ ।

सो अवसरमा प्रधानसेनापति थापाले घाइते भएका भूतपूर्व सैनिकलाई ह्वीलचेयर र वैशाखी वितरण गर्नुका साथै सैनिक कल्याणकारी कोषद्वारा सञ्चालित लघुकर्जा लिन इच्छुक एकल महिला एवं सैनिक परिवारका सदस्यलाई चेक हस्तान्तरण गरेका थिए । सम्मेलनमा सहभागी बाँके, बर्दिया र हुम्लाका सेवानिवृत्त सैनिक र तिनका परिवारहरुसँग प्रधानसेनापति थापाले सामूहिक र एकल रुपमा भेट गरी उनीहरुका समस्या अवगत गरेका थिए ।

सम्मेलनमा बलाध्यक्ष रथी गौरव तण्डुलले सैनिक कल्याणकारी कोषमा हालसम्म जम्मा भएको रु ५० अर्बबाट विभिन्न कल्याणकारी सेवामा लगानी गरिएको उल्लेख गर्दै भूतपूर्व सैनिकबीचको सम्बन्धलाई अझ कसिलो र नजिक बनाउन यस किसिमको सम्मेलन निकै उपयोगी रहने बताए । नेपाल राष्ट्रिय भूतपूर्व सैनिक संघका वरिष्ठ उपसभापति सहायक रथी( अवकाशप्राप्त) केशवबहादुर भण्डारी र अवकाश प्राप्तबाटतर्फबाट रथी नेपालभूषण चन्दले पूर्व सैनिकले देश र जनताका लागि बगाएको रगत र पसिनाको कदर गरी सञ्चालन गरिएका विभिन्न कल्याणकारी काम बारेमा प्रकाश पारेका थिए ।

'शिक्षा, स्वास्थ्य, सुविधा र स्वरोजगार आत्मसम्मान तथा समृद्धिको' आधार भन्ने नाराका साथ आयोजना गरिएको सम्मेलनमा ५ नं प्रदेशका विभिन्न जिल्लाको कृति, वेशभूषा झल्किने गरी मयुर नाच, थारु, लाठी, सराय नाच प्रस्तुत तथा मार्चपास र सैनिक कला प्रस्तुत गरिएको थियो ।

यसैबीच प्रधानसेनापति थापाले बिहीबार नै नेपालगन्जस्थित नेपाली सेनाको कौशिलानगर व्यारेकमा नेपाली सैनिक पश्चिम लजिष्टिक वेशको पनि उद्घाटन गरे । नेपाली सेनाका लागि आवश्यक बन्दोवस्तीका सम्पूर्ण सामग्रीहरुको उपलब्धता, मर्मतसम्भारलगायतका सेवाहरु प्रदान गर्ने गरी राजधानीबाहिर पहिलोपटक सो वेश स्थापना गरिएको हो । सत्तरी रोपनी क्षेत्रफलमा उत्तर पश्चिम पृतना र सुदूरपश्चिम पृतनाअर्न्तगतका युनिटहरुलाई लक्षित गरी क्षेत्रीयस्तरमा सो लजिस्टिक डिपोर्टको स्थापना गरिएको हो ।

# बिपी प्रतिष्ठान तनावग्रस्त



**सुनसरी/मस–** सुनसरीको धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा सुत्केरी गराउन लगिएकी बिरामी महिलाको मृत्यु भएपछि बिहीबार बिपी प्रतिष्ठान धरान तनावग्रस्त बन्यो ।

चिकित्सकको लापरवाहीका कारण इटहरीकी लक्ष्मी बुढाथोकी र उनको पेटमा भएको बच्चाको मृत्यु भएको भन्दै आफन्तले बिहीबार अस्पताल प्रशासन घेराउ गरेका थिए । बिहीबार बिहान १:०० बजेतिर २८ वर्षीया लक्ष्मी बुढाथोकीको मृत्यु भएको थियो । उनलाई गत फागुन १२ गते सुत्केरी गराउनका लागि प्रतिष्ठानको प्रसूति वार्डमा आफन्तले बेड भर्ना गरेका थिए । लामो समयसम्म सुत्केरी व्यथा लाग्दा पनि समयमै अस्पतालले सुत्केरी नगराएकाले बच्चा पेटमै मरेको र आमाको पनि अस्पतालमै मृत्यु भएपछि तनाव उत्पन्न भएको हो ।

आमा र बच्चा दुवैको मृत्युको कारण प्रसूति गराउन ल्याइएकी बिरामीलाई समयमै चिकित्सकले नहेरेको तथा लापरवाही गरेका कारण आमा बच्चा दुवैको ज्यान गएको मृतकका मामा ससुरा गणेश चौहानले बताए । प्रतिष्ठानमा प्रसूति गराउन नसक्ने भए अन्त सिफारिस गर्नुको साटो त्यत्तिकै यहाँ राखिएका कारण आमा बच्चा दुवैको मृत्यु भएको आफन्तले आरोप लगाएका छन् ।

बिहीबार बिहान मृतकका आफन्तलाई प्रतिष्ठान प्रशासनले वार्ताका लागि अडिटोरियम हलमा बोलाएको भए पनि प्रतिष्ठानका पदाधिकारी समयमै नआएका कारण वार्ता नभएको आफन्तले बताएका छन् । अहिले वार्ता भइरहे पनि वार्ताको पूरा विवरण आइसकेको छैन । वार्तामा प्रतिष्ठानका डा अर्चना ठाकुर, डा रोहित रिजालसहितको टोली छ भने

# अधिकारीको शालिक अनावरण

**पोखरा/मस–** अघिल्लो वर्ष फागुन १५ गते हेलिकोप्टर दुर्घटनामा ज्यान गुमाएका तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारीको पूर्णकदको शालिक बिहीबार अनावरण गरिएको छ ।



पोखरा महानगरपालिका-१८ जामुनाबोटमा राष्ट्रिय विभूति तथा शहीद उद्यान व्यवस्थापन समितिद्वारा निर्मित अधिकारीको शालिक गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले अनावरण गरे । उद्यान परिसरमा गण्डकी प्रदेश सरकारले शालिकसहितका संरचना निर्माणका लागि रु १५ लाख उपलब्ध गराएको हो । कार्यक्रममा मुख्यमन्त्री गुरुङले समृद्धि र विकासका लागि अधिकारीले देखाएको बाटो सबैका लागि अनुकरणीय भएको बताए ।

उनका अधुरा सपनालाई साकार पार्नु हामी सबैको साझा कर्तव्य भएको बताउँदै उनले विकासप्रेमी नेताका रूपमा अधिकारीको स्मरण गरे । जनप्रतिनिधि जनता र मुलुकका पक्षमा क्रियाशील हुनुपर्नेमा जोड दिँदै उनले चुनावमा गरिएका प्रतिबद्धतालाई आत्मसात् गर्नुपर्ने बताए । संविधानको संशोधन राष्ट्रिय आवश्यकताका आधारमा हुनुपर्ने बताउँदै मुख्यमन्त्री गुरुङले व्यक्तिगत आवश्यकताका आधारमा संशोधन गर्न नहुने धारणा राखे ।

सांसद खगराज अधिकारीले अधिकारीका सपना पूरा गर्न अविचलितरूपमा लाग्ने प्रतिबद्धता व्यक्त गरे । गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री हरिबहादुर चुमानले अधिकारीले देखाएको बाटो आत्मसात् गर्न सके मात्रै उनीप्रति सच्चा श्रद्धाञ्जलि हुने बताए । पोखरा महानगरपालिका प्रमुख मानबहादुर जिसीले अधिकारीका योगदानलाई जीवन्त राख्नुपर्नेमा जोड दिए । पोखरालाई व्यवस्थित बनाउन चोकचोकमा रहेको शालिकलाई यही शहीद उद्यानमा ल्याइने योजना रहेको उनले जानकारी दिए ।

महानगरपालिका-१८ का वडाध्यक्ष एवं राष्ट्रिय विभूति तथा शहीद उद्यान व्यवस्थापन समितिका अध्यक्ष रणबहादुर थापाको अध्यक्षतामा भएको कार्यक्रममा सचिव लक्ष्मण तिमिल्सिनाले उद्यान पोखराको पर्यटन प्रवर्द्धनमा सहयोगी बन्ने विश्वास व्यक्त गरे ।

# युपीआरको तेस्रो प्रतिवेदन तयारीका लागि छलफल

**काठमाडौं/रासस–** संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूले हरेक साढे चार वर्षको अन्तरालमा मानवअधिकारको समीक्षा गर्ने प्रावधानअनुसार गैरसरकारी संस्थाले प्रतिवेदन तयारीबारे छलफल शुरु गरेका छन् । मानवअधिकारको विश्वव्यापी आवधिक समीक्षा (युपिआर) का लागि गैरसरकारी संस्थाको नेतृत्व गरिरहेको सचिवालय अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले बिहीबार युपीआरका विषयमा प्रतिवेदन तयारीका लागि छलफल शुरु गरेको हो ।

इन्सेकका अध्यक्ष डा इन्दिरा श्रेष्ठले मानवअधिकारको अवस्थाका बारेमा संयुक्त राष्ट्रसंघमा गरिने छलफलमा नेपालको मानवअधिकारको अवस्थाका बारेमा कुनै पनि विषय छुटाउन नहुने सुझाव राखे । गैरसरकारी संस्था महासंघ नेपालका केन्द्रीय अध्यक्ष जीतराम लामाले कानूनमा लेखिएका अधिकारलाई व्यवहारमा उतार्न राज्य तथा सरोकारवाला लाग्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा राष्ट्रिय अपांग महासंघका केन्द्रीय सदस्य सीता सुवेदीले सबैका लागि सबै अधिकारको उपभोगमा समान पहुँच हुनुपर्ने सुझाव दिइन् । काठमाडौं स्कुल अफ ल का सहप्राध्यापक कपिल अर्यालले सातै प्रदेशबाट सुझाव लिएर प्रतिवेदन तयारी गर्ने क्रममा रहेकाले केही छुटेका भए यो कार्याशालाबाट परिपूर्ति गर्नेमा जोड दिए ।

अधिवक्ता लक्ष्मी पोखरेलले संक्रमणकालीन न्यायका सवालमा सर्वोच्च अदालतको फैसला अनुसार ऐन संशोधन गर्नुपर्ने विषयलाई पनि प्रतिवेदनमा छुटाउन नहुने सुझाव दिइन् । इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमले युपिआरका लागि इन्सेकले पहिलो चक्रदेखि नै प्रतिवेदन तयार गरी संयुक्त राष्ट्रसंघमा पेश गर्दै आएको जानकारी दिए ।

संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूले हरेक साढे चार वर्षको अन्तरालमा मानवअधिकारको समीक्षा गर्नुपर्ने प्रावधानलाई 'विश्वव्यापी आवधिक समीक्षा' (यूपिआर) भनिन्छ । संयुक्त राष्ट्रसंघीय महासभाले सन् २००६ मा मानवअधिकार परिषद् स्थापना गरेको थियो । विश्वव्यापी आवधिक समीक्षाका लागि नेपालका तर्फबाट ३०० भन्दा बढी नागरिक संघसंस्था सम्मिलित तीन सञ्जाल गैरसरकारी संस्थाको सञ्जाल नेपाल, महिलाको राष्ट्रिय सञ्जाल र नेपाल डर्बन सम्मेलनको अनुपरीक्षण समितिले संयुक्त प्रतिवेदन तयार गरिरहेका छन् ।

# नक्कली चालक अनुमतिपत्र बनाउने पक्राउ

**जनकपुर/मस-** नक्कली सवारी चालक अनुमतिपत्र बनाउने कार्यमा संलग्न एक महिला पक्राउ परेका छन् । पक्राउ पर्नेमा जनकपुरधाम उपमहानगरपालिका-९ बस्ने रुबी मिश्र रहेका छन् । गत माघ २९ गते महोत्तरीको गौशाला नगरपालिका-१२ बस्ने कृष्णदेव कुशवाहा सवार गाडीको कागजात चेकजाँचका क्रममा प्रहरीले नक्कली सवारी चालक अनुमतिपत्र फेला पारेको थियो । सवारीचालक अनुमतिपत्र नक्कली पाएपछि ट्राफिक प्रहरीले आवश्यक कारवाहीका लागि उनलाई जिल्ला प्रहरी कार्यालय धनुषामा पठाइएको थियो ।



जनकपुरधाम उपमहानगरपालिका-९ का चन्दन मिश्रले रु पाँच हजारमा सो अनुमतिपत्र बनाइदिएको कुशवाहाले बताएपछि प्रहरीले छानविनको क्रममा चन्दनकी आमा रुबी मिश्रलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायव उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिए । सो कार्यमा उनको संलग्नता देखिएपछि जिल्ला अदालत धनुषाबाट थप अनुसन्धानका लागि प्रहरीले चार दिनको म्याद लिएको छ ।

रुबीले रु ६० हजारसम्म लिएर सरकारी छापसमेत किर्ते गरी नक्कली सवारी अनुमतिपत्र बनाउने गरेको चार वटा उजुरी परेको प्रहरी नायव उपरीक्षक कार्कीले बताए । रुबीले आफ्नै छोरा चन्दनमार्फत सवारी अनुमतिपत्र चाहिने व्यक्ति खोजेर नक्कली अनुमतिपत्र बनाइ बेच्ने गरेको अनुसन्धानबाट देखिएको उनले जानकारी दिए ।

# चरेससहित ३ महिला पक्राउ

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु १५ फागुन

कपिलवस्तुबाट साढे सात केजी चरेससहित तीन जना महिला पक्राउ परेका छन् । कृष्णनगर नगरपालिका वडा नं. २ लिङ्गेट स्थित अस्थाई प्रहारी पोष्ट लिङ्गेटबाट खटिएको प्रहरी सहायक निरीक्षक खड्क बहादुर डाँगी सहितको प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा कपिलवस्तु शिवराज नगरपालिका वडा नं. ९ विजौरी बस्ने योजना न्यौपान, सोही ठाउँकी शुष्मा रोका मगर र दाङ तुल्सिपुर उपमहानगरपालिका वडा नं. ३ तुल्सिपुर घर भई हाल लमही नगरपालिका वडा नं. ८ शान्तिनगर बस्ने मिना कुमारी घर्ति मगर रहेका छन् ।

नेपालबाट भारत तर्फ जाँदै गरेका ३ जना महिलाहरुलाई शंका लागी चेकजाँच गर्ने क्रममा उनीहरुको साथबाट साढे सात केजी चरेश फेला परेको प्रहरी सहायक निरीक्षक डाँगीले जानकारी दिए । पक्राउ परेकाहरुलाई जिल्ला अदालत कपिलवस्तुबाट म्याद थप गरी अनुसन्धान भइरहेको प्रहारीले जनाएको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।
कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.

G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# गन्तव्य नभुल

नेपालीमा एउटा आहान छ–'ठाउँ न ठहर ...को रहर ।' सत्तारूढ दल नेपाल कम्युनिस्ट पार्टी (नेकपा) मा अहिले ठ्याक्कै यही भनाइ चरितार्थ भइरहेको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले गत निर्वाचनमा जनतासँग मत माग्दै सट्टामा विकास, समृद्धि र सुशासन दिने बताएका थिए । ओली र उनको दल नेकपाले सरकार बनेपछि यो नारालाई अझै घन्कायो, घन्काइरहेकै छ । तर, सरकार र नेकपाले के जनतासँग गरेको वाचा अनुसारको दिशा पक्डेका छन् त ? वस्तुगत अवस्थालाई नियालेर भन्ने हो भने बिल्कुलै छैन । बरू नेकपा  गन्तव्य भुलेको यात्रीजस्तो भएका छ । नेकपामा पछिल्ला केही समयदेखि चर्किएको विवाद र बहस यसको ज्वलन्त उदाहरण हो ।

भनाइ नै छ– वादे वादे जायते तत्वबोध । महत्वपूर्ण विषयलाई अगाडि बढाउन र निकास दिन बहस जरूर आवश्यक हुन्छ । बहसबिना राजनीतिक दल कुँजो हुने भएकाले स्वच्छताका लागि यो अपरिहार्य हुन्छ । जंगेशैलीमा चलेका कतिपय दलहरूले बहस र छलफललाई निसंकोच ग्रहण गर्नु पर्छ । तर, सत्तारूढ दल नेकपाको पछिल्लो बहस र विवाद समयसापेक्ष र वस्तुगत छँदैछैन । पूर्वको यात्रामा निस्कनु पर्ने यात्रीले पश्चिमको बस समातेजस्तो भएको छ ।

यतिबेला जनता विकास र समृद्धि चाहिरहेका छन् । अल्मलिएको सरकारले गति देओस् र विगतमा देखाइएका सपनाले मूर्त रूप ग्रहण गरोस् भनिरहेका छन् । तर, नेकपा र ऊ नेतृत्वको सरकार यतिबेला कसैको व्यक्तिगत स्वार्थ र कुण्ठाको दास बन्दै मुलुकको वस्तुगत आवश्यकतालाई अर्कोतर्फ मोडिरहेको छ । जनताबाट अस्वीकृत भएका व्यक्तिलाई झस्केलाबाट भित्र ल्याउन भइरहेका पछिल्ला प्रयास निन्दनीय छन् । सचेत जनताले नेकपाभित्रको बेमौसमी झगडाको हिसाब गरिरहेकाले यसलाई बेलैमा सच्याउनु नै नेकपाको हितमा हुनेछ ।

नेकपाभित्रको घर झगडा चर्किरहेका बेला अन्य केही विश्रृंखलित विषय पनि बाहिर आएका छन् । जस्तो प्रधानमन्त्री केपी शर्मा ओलीले मौजुदा सरकारलाई ठूलो धक्का लगाएको निवर्तमान सञ्चारमन्त्री गोकुल बाँस्कोटा प्रकरणमा पहिलोपटक मुख खोलेका छन् । प्रधानमन्त्री ओलीले भ्रष्टाचारीप्रति शून्य सहनशीलता अपनाउने बताउँदै आएकाले यो मामलामा उनले जनताको अपेक्षाअनुरूप अभिव्यक्ति दिने धेरैको अपेक्षा थियो । तर बाँस्कोटा प्रकरणको अडियोले उत्पन्न आक्रोसको नशा–नाडी छाम्न भ्याएका प्रधानमन्त्रीले अवस्था केही सहज भएसँगै निवर्तमान सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटाप्रति सहानुभूति देखाएका छन् । उनले गोकुलमाथि फसाइएको आशयको अभिव्यक्ति दिएका छन् । प्रधानमन्त्रीको यो अभिव्यक्ति सरासर गैरजिम्मेवार छ । यो एउटा जिम्मेवार प्रधानमन्त्रीले बोल्ने भाषा होइन ।

प्रधानमन्त्रीको अभिव्यक्तिले विक्षिप्त बाँस्कोटा र उनका अन्धसमर्थकहरूलाई राहत त होला; तर सुशासन र सदाचारका निम्ति ओलीलाई मत दिएका नागरिकलाई निराश बनाएको छ । यस्ता अभिव्यक्तिले कालान्तरमा प्रधानमन्त्री ओलीकै नारा र समृद्धिकै यात्रामा धक्का पुग्ने छ । त्यसैले नेकपाले पछिल्ला समय पार्टीमा देखिएका बेमौसमी विवादलाई किनारा लगाएर जनचाहनाअनुरूप अघि बढ्नु समग्र देश र जनताको हितमा हुनेछ ।

## सामाजिक सञ्जाल



केपी शर्मा ओलीमा त्यो क्षमता थिएन र छैन, तर कल्पना गरौँ ओलीले प्रधानमन्त्री भएपछि असल र सक्षम मानिसको टिम बनाएर काम गरेका थिए, जनता र प्रतिपक्षीसँग सम्मानपूर्वक सभ्य भाषामा बोलेका थिए, इमानदारिताका आधारभूत मानकको सम्मान गरेका थिए –यसो भएको भए आज उनलाई कसैले यसरी हेप्न सक्ने थिएन ।

**-सञ्जिव**



प्रतिनिधिसभाको चुनाव हारेका व्यक्तिलाई कम्तिमा पाँच वर्षपनि नपुगी चोरबाटोबाट सांसद बनाउने निर्णय गलत छ । प्रधानमन्त्रीले इमानी भएर यसो भनेको होइन् भन्ने बुझ्दाबुझ्दै पनि, वामदेवलाई राष्ट्रियसभामा सिफारिस नगर्ने उहाँको अडान ठीक छ ।

**- लक्ष्मण कार्की**




एमसीसीको अध्ययन कार्यदल बनाउने नेकपाले ७२ करोडको डील गरेका नेता तथा मन्त्रीको छानबिन पार्टी तहबाट किन गर्दैन ? के त्यो पार्टी सञ्चालन खर्च थियो ? नेकपा बाँस्कोटासँगै सती गएको हो कि त्यहाँ कथित 'राष्ट्रवादी' पनि छन् ? पार्टी लगौंटी त होइन नि गाँठे ।

**- मानी बाबु**




स्थिरताका लागि जनमत जुट्यो । अस्थिरताको खेल खेल्न सिपालुहरूलाई खेल्न पनि मैदान त आफू अनुकुल चाहियो नि ! तेसैले मैदान नै परिवर्तन गर्न लागेछन् ।


**- फाल्कोन**



महाकाली संधिका कारण एमाले फुट्यो, कारक थिए– ओली र वामदेव । अहिले एकीकृत नेकपा अन्तरघुलित हुन नपाई फुट्ला जस्तो भयो । कारक– ओलीको उन्माद र आवेगी स्वभाव अनि वामदेवको पदलोलुप्ता । जोडको रसायन प्रचण्डसँग । हेर्नु छ, ओलीले रसायनको प्रयोग कसरी गर्छन्  । आशा गरौं दल नफुटोस् ।

**- कृष्ण घिमिरे**

# बैंक सञ्चालनमा बढ्दै जोखिम



■ डा. दिवाकर बशिष्ठ

> नेपाल राष्ट्र बैंकले जारी गरेको इ.प्रा.निर्देशन नं. ५ र ०७४ अनुसार इजाजतपत्रप्राप्त संस्थाहरूले आफ्नो कारोबारसँग सम्बद्ध सञ्चालन जोखिमलाई व्यवस्थापन गर्न प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली तथा सूचना प्रणालीको विकास गर्नुपर्नेछ ।

सूचना र प्रविधिको अधिकतम प्रयोग तथा कारोबारको विस्तारले बैंकिङ क्षेत्रमा आन्तरिक जोखिम बढिरहेको छ । सञ्चालन जोखिम सामान्यतः व्यवसायको सञ्चालनसँग प्रत्यक्ष संलग्नता भएको क्षेत्रबाट उत्पन्न हुन सक्ने भएकाले व्यवसायमा संलग्न जनशक्ति, प्रक्रिया, प्रविधि तथा प्रणालीबाट सञ्चालन जोखिम उत्पन्न हुने गर्छ । हालै फर्जी कागज बनाएर १९ बैंकबाट रकम निकालिएको घटनाले त झन् नेपालको बैंकिङ क्षेत्रलाई कठिन मोडमा पुऱ्याएको छ । संस्थाको कमजोर आन्तरिक नियन्त्रणले सञ्चालन जोखिमलाई निम्त्याइरहेको हुन्छ । सञ्चालन जोखिम व्यवस्थापन सम्बन्धी दायित्व सम्बद्ध संस्थाको व्यवस्थापन र कर्मचारी र सञ्चालक समितिमा समेत हुन्छ । बैंकिङ क्षेत्रको जोखिम प्रहरी र प्रशासनले मात्र नियन्त्रण गर्न सक्दैन तर पनि प्रहरीको सक्रियता र कार्यान्वयन प्रंशसनीय छ ।

नेपाल राष्ट्र बैंकले जारी गरेको इ.प्रा.निर्देशन नं. ५ र ०७४ अनुसार इजाजतपत्रप्राप्त संस्थाहरूले आफ्नो कारोबारसँग सम्बद्ध सञ्चालन जोखिमलाई व्यवस्थापन गर्न प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली तथा सूचना प्रणालीको विकास गर्नुपर्नेछ । साथै, आन्तरिक लेखापरीक्षकले प्रत्येक शाखा/विभाग/कार्यालयको लेखापरीक्षण प्रतिवेदनमा सञ्चालन जोखिमलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न अवलम्बन भएका उपायहरूको पर्याप्तताको सम्बन्धमा समेत टिप्पणी गरेको हुनुपर्नेछ । सूचना प्रविधिबाट हुन सक्ने सञ्चालन जोखिमलाई न्यूनीकरण गर्ने व्यवस्थालाई बढी प्रभावकारी बनाई सोको निरीक्षण तथा सुपरिवेक्षणलाई व्यवस्थित गर्न सूचनाप्रविधि सम्बन्धी मार्गदर्शन जारी गरिएको छ । त्यस्तै तरलता व्यवस्थापन, कर्जा व्यवस्थापनमा, मर्जर र एक्वीजिशनमा समेत केन्द्रीय बैंकबाट कडा निर्देशन छ तापनि कार्यान्वयन प्रभावकारी देखिँदैन ।

बैंक तथा वित्तीय संस्थाहरूमा सञ्चालन जोखिम बढ्दै जाने प्रमुख कारण आन्तरिक नियन्त्रण प्रणाली चुस्त र दुरुस्त नहुनु हो । सुशासन पनि कमजोर हुँदै जानु हो । त्यस्तै वित्तीय विवरण, शाखा तथा केन्द्रीय व्यवस्थापन पक्षको जोखिमप्रति राम्रो विश्लेषण र निगरानी नहुनु, नियामक निकायको कमजोर नियन्त्रण प्रणाली पनि कारक मानिन्छ । लेखापरीक्षणमा दक्ष जनशक्तिको अभाव, जोखिम भारित सम्पत्तिको आधारमा पूँजी पर्याप्तताको अभाव, कम्पनीमा कार्यरत जनशक्ति दक्ष नहुनु, आपराधिक गतिविधिमा बैंक कर्मचारीको संलग्नताले पनि जोखिम बढको छ । यसले बैंकको उत्पादकत्व, बजार शाख र नाफामा समेत असर गर्छ । पूँजी वृद्धि, आन्तरिक तथा बाह्य लेखापरीक्षण सञ्चालन जोखिम कम गर्न अपनाइएका विधिहरू हुन् । आन्तरिक र बाह्य जालसाजी, पदीय दुरुपयोग, भौतिक सम्पत्तिको नोक्सानी, कार्यान्वयन, वितरण र प्रक्रियागत व्यवस्थापनमा फितलोपना आदिबाट आन्तरिक जोखिम वढ्छ । जोखिम वहन गर्ने नाममा हालका दिनहरूमा जथाभावी लगानी गरी नाफा कमाउनेमात्र बढी संलग्नता हुँदा बैंकलाई झनै नोक्सानी र बजार शाख कमजोर गराएको देखिन्छ ।

बैंकभित्रका सञ्चालन जोखिमहरूलाई कम गर्न कम्प्लायन्स विभाग, जोखिम व्यवस्थापन विभाग समेत स्थापना गरिएको पाइन्छ । सञ्चालन जोखिमलाई स्वीकार्य तहसम्म कायम गर्न न्यून लागतका उपायहरू अवलम्बन गरिनुपर्छ । आचार संहिता निर्माण, अधिकार प्रत्यायोजन, कार्यविभाजन, लेखापरीक्षण, कम्प्लायन्स, ग्राहक गुनासो जस्ता पक्षमा ध्यान दिए जोखिम न्यूनीकरण हुन सक्छ । तर, नेपालको बैंकिङमा सहभागितामूलक व्यवस्थापन, जिम्मेवारी र प्रभावकारिताको अवस्था कमजोर छ । बैंक तथा वित्तीय संस्थाको पुँजी एव बजार शाखमा समेत यसखालको जोखिमले गम्भीर असर पुऱ्याउँछ । आन्तरिक जालसाजी, बाह्य जालसाजी, कर्मचारीको अनुशासनहीनता, गोपनीयता एवम् सूचनाको दुरुपयोग, कर्मचारीको आन्तरिक कमीकमजोरी जस्ता पक्षले संस्थाको शाखलाई कमजोर बनाउँछ ।

नेपाल राष्ट्र बैंकबाट जारी भएको मौद्रिक नीतिको समीक्षा अनुसार केन्द्रीय बैंकले बैंकिङ क्षेत्रमा देखिएको आन्तरिक जोखिमलाई कम गर्न चालेका कदमहरूको मूल्यांकन गर्दा सुधारोन्मुख रहेको देखिन्छ । सुशासनको मात्रामा समेत सुधार देखिन्छ जसले सञ्चालन जोखिमलाई कम गर्छ । तर, अपेक्षित सुधार भने छैन । नीति निर्माण र निर्देशनबाट मात्र जोखिम कम गर्न सकिँदैन । नियमित निरीक्षण र अनुगमन एवम् कर्मचारीसँग सामूहिक छलफल आवश्यक हुन्छ । । कर्मचारीहरूको मनोबल उच्च राख्ने काममा समेत ध्यान दिनुपर्छ । आन्तरिक जोखिम कम गर्ने बैंकहरूले प्रविधिको प्रयोग बढाउनुपर्छ । यी विविध पक्षको कार्यान्वयन पक्ष अति कमजोर रहेको हुँदा विभिन्न चोरी, बैंकिङ ठगी, एटीएम ह्याकिङजस्ता कार्य बेलाबेलामा भइरहेका देखिन्छन् । नियमित कारोबारको भेरिफिकेशन, प्रविधिको मर्मत सम्भार, कर्मचारीसँग नियमित बैठक, निरीक्षण एवम् अनुगमनको अवस्था पनि कमजोर देखिन्छ ।

आकर्षक ब्याज र पुरस्कारको लोभ देखाएर हामी निक्षेप त संकलन गर्छौं । तर, ग्राहक वर्गलाई भने बैंकमा रकम राखेपछि पनि शतप्रतिशत ढुक्क हुने अवस्था छैन । कहिले सम्पत्ति शुद्धीकरणको नाममा रकम रोक्का हुन्छ त कहिले एटीएमबाट चोरी हुन्छ । कहिले कर्मचारीको गलत रकम इन्ट्रीले अर्केको खातामा जान्छ त कहिले फर्जी कागज बनाएर नक्कली हस्ताक्षर गरी रकम बाहिरिन्छ । ग्राहकले उक्त रकम शोधभर्ना पाउन भने महीनौं बैक धाउनुपर्ने अवस्था छ । यी समस्या आउनुमा आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापनकै कमजोरी हो भन्नु असान्दर्भिक नहोला ।

आन्तरिक जोखिममा बाह्य कारणभन्दा पनि सम्बद्ध बैंकको सञ्चालक समिति, व्यवस्थापन, कार्यरत कर्मचारीको कमजोरी देखिन्छ । कर्मचारीहरूले नैतिक आचरण र जडान गरिको प्रविधिको प्रभावकारिता एवम् नियमितता नहुँदा पनि जोखिम बढ्छ । सञ्चालन जोखिम बैंकको दैनिक कारोबारको सिलसिलामा सृजना हुनसक्ने आन्तरिक जोखिम हो । यसले बैंकको तरलता, सञ्चालन मुनाफा र पूँजी पर्याप्ततामा समेत नकारात्मक असर पर्न सक्छ । सम्भावित सञ्चालन जोखिमको मात्रा तथा असरको आधारमा कठिनभन्दा कठिन परिस्थितिको सामना कसरी गर्ने भन्ने सन्दर्भमा स्पष्ट रणनीतिक योजना आवश्यक हुन्छ । केन्द्रीय बैंक तथा सम्बद्ध बैंक तथा वित्तीय संस्थाले यस्तो योजना बनाउनुपर्ने हुन्छ । तसर्थ कारोबारको परिमाण र वित्तीय संस्थाहरूको संख्यात्मक विस्तार मात्र होइन, सूचना र प्रविधिको क्षेत्रमा भएको चामत्कारिक परिणामको कारण बैंकहरूले ग्राहकहरूलाई अफर गर्ने सेवा र कारोबारको आधुनिकीकरण सँगै जोखिमको प्रकृति र मात्रा पनि बढ्दै गएको छ । त्यसैले केन्द्रीय बैंक तथा अन्य बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो सुपरिवेक्षकीय क्षमतालाई अझ विस्तार गर्नु जरुरी भइसकेको छ ।

# तरकारीमा बढ्दो विषादीको प्रयोग

**कृषिवस्तु उत्पादन र उत्पादकत्व वृद्धिका लागि त्यसको प्रयोग महत्वपूर्ण मानिए पनि त्यसको सुरक्षित प्रयोग, भण्डारण, प्रयोग गर्ने तरिका र ज्ञानका अभावमा साथै त्यसको विसर्जन नगरिँदा जनस्वास्थ्य र वातावरणमा गम्भीर असर परेको देखिन्छ ।**



सरस्वती ढुङ्गाना

बढ्दो जलवायु परिवर्तनको विश्वव्यापी असर अब हरेकका भान्छामा पनि पर्न थालेको छ । जलवायु परिवर्तनका कारण तरकारी तथा खाद्यान्नमा विभिन्न रोगका कीरा देखिन थालेकाले किसानले त्यसलाई नियन्त्रण गर्न अन्धाधुन्ध रूपमा विषादी प्रयोग गर्न थालेका छन् । कीरा वा शत्रुजीव व्यवस्थापन गर्न अन्य कुनै विकल्प नखोजी कडाभन्दा कडा विषादी प्रयोग गर्दा स्वास्थ्यमा गम्भीर असर पर्न गएको छ । किसानमा जनचेतनाको कमीका कारण र वैकल्पिक उपाय नखोज्दा आमउपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर परिरहेको छ ।

संविधानको धारा ४४ ले सुरक्षित र गुणस्तरीय वस्तु उपभोग गर्न पाउने अधिकार सुनिश्चित गरेको भए पनि आमउपभोक्ताले त्यो अधिकार प्रयोग गर्न पाएका छैनन् । उल्टै बाध्य भएर विषादीयुक्त तरकारी खान विवश छन् । नचाहँदा-नचाहँदा पनि हरेकको भान्छामा दिनहुँ विषालु तरकारी पाकिरहेका छन्, जसले गर्दा ढुक्कसँग तरकारी खान सक्ने वातावरण पनि छैन । हरियो तरकारीमा विषादीको प्रयोग बढेका कारण मानिसमा गम्भीर खालका रोग लाग्ने गरेको पाइन्छ । कालीमाटी तरकारी तथा फलफूल बजार स्थित प्रयोगशालामा गरिएको परीक्षण रिपोर्टअनुसार विभिन्न तरकारीमा बढी मात्रामा विषादी प्रयोग भएको पाइएको छ । रिपोर्टमा जनाइएअनुसार सिमी, काउली र गोलभेंडामा अत्यधिक विषादीको अवशेष पाइएको छ, जसका कारण ती तरकारीमा बढी मात्रामा विषादीको प्रयोग भएको स्वतः देखिन्छ ।

विगतको तुलनामा चालू आर्थिक वर्षमा कालीमाटी बजारमा भित्रिने हरियो तरकारीमा विषादीको मात्रा बढेको पाइएको छ । आर्थिक वर्ष २०७४/७५ मा १ हजार ८ सय ५० नमुनामा विषादी जाँच गर्दा तीनवटा नमुनामा मात्र विषादी पाइएको थियो । यसैगरी आर्थिक वर्ष २०७५/७६ मा ३ हजार १ सय २४ नमुनामा दुईवटामा विषादी पाइएको थियो । त्यस्तै, आर्थिक वर्ष २०७६/७७ को २० माघसम्म १ हजार ४ सय २ वटा नमुनामध्ये १२ वटामा अत्यधिक विषादी पाइएको छ । चितवनबाट ल्याइएको काउलीमा परीक्षणपश्चात् बढी विषादी भएको पाइएको छ । चालू आर्थिक वर्षमा विषादी प्रयोगशालामा १४ सय २ नमुना जाँच गर्दा १२ वटामा खान नमिल्ने रातो रङ देखाइएको थियो भने तीनवटामा केही दिन पर्खेर खान मिल्ने वा पहेँलो रङ र १३ सय ८७ नमुनामा खान मिल्ने पाइएको थियो ।

जबकि हरियो तरकारीमा विषादीको मात्रा ३५ प्रतिशत हुँदा खान मिल्छ । ३५ देखि ४५ प्रतिशतसम्म हुँदा केही दिन पर्खेर खान मिल्छ भने ४५ प्रतिशतभन्दा बढी हुँदा खान उक्त तरकारी खान मिल्दैन ।

नेपालमा बर्सेनि थुप्रै रकम विषादीमा खर्च हुन्छ, जुन रकम सहजै विदेश जान्छ । यदि जैविक विषादीको प्रयोग गर्ने हो वा शत्रुजीवको व्यवस्थापन गरी खेती गर्ने हो भने पक्कै पनि हानिकारक विषादीबाट आमउपभोक्ता पीडित हुनु पर्दैन । त्यसो त नेपालमा विषादीको प्रयोग भयावह रूपमा दिनप्रतिदिन बढ्दै गैरहेको छ । बाली संरक्षण तथा वितरण केन्द्रका अनुसार नेपालमा पञ्जीकृत भएका १ सय १६ वटा विषादीहरू छन्, जसमध्ये ५२ वटा सामान्य कीटनाशक, ४० किसिमका भुसुनानाशक, दुई मुसानाशक र दुई किसिमका झारपातनाशक छन् । द्रुत विषादी अवशेष विश्लेषण एकाइ स्थापनापछि कालिमाटीमा २०७१ असार ५ देखि तरकारीको नमुना परीक्षण थालिएको थियो । एकाइअन्तर्गतको प्रयोगशालाले तरकारीमा रासायनिक विषादीको मात्रा ९० प्रतिशतसम्म भएको तथ्य सार्वजनिक गरेको थियो । विषादीको प्रयोग १० देखि १५ सम्म हुनुलाई सामान्य मान्न सकिन्छ । त्यो जति बढ्दै गयो त्यति हानिकारक हुन्छ । प्रारम्भका दैनिक २० /२२ वटा तरकारीका नमुना संकलन गरी परीक्षण गर्ने गरेकोमा अहिले मुस्किलले दैनिक तीन-चारवटा मात्रै नमुना परीक्षण गरिन्छ । सरकारले अन्य प्रदेशमा पनि तरकारी वा फलफूल परीक्षण गर्ने व्यवस्था मिलाएको छ त्यसको हालत पनि उही कालीमाटीकै जस्तो छ ।

त्यसो त अन्तर्राष्ट्रिय रूपमा रासायनिक विषादीविरुद्ध अभियान सञ्चालन गर्दै आएको संस्था पानको प्रतिवेदनअनुसार विश्वमा हरेक वर्ष ४ करोड मानिसमा विषादीमा असर गरेको पाइएको छ । विश्वमा विषादीकै कारण हरेक वर्ष ३ लाख ५५ हजार मानिसको मृत्यु हुने गरेको छ, जसमा सबैभन्दा बढी बालबालिका र महिला छन् । प्रतिवेदनमा उल्लेख भएअनुसार प्रतिदिन ७ सय जना व्यक्ति विषादीयुक्त खानाका कारण मृत्यु भएको देखिन्छ ।

विश्वमा विषादी सेवन गरी आत्महत्या गर्ने मानिसको संख्या ३१ प्रतिशत रहेको छ । कृषिवस्तु उत्पादन र उत्पादकत्व वृद्धिका लागि त्यसको प्रयोग महत्वपूर्ण मानिए पनि त्यसको सुरक्षित प्रयोग, भण्डारण, प्रयोग गर्ने तरिका र ज्ञानका अभावमा साथै त्यसको विसर्जन नगरिँदा जनस्वास्थ्य र वातावरणमा गम्भीर असर परेको देखिन्छ । कुनै विषादीको प्रयोग तत्कालै देखिन्छ भने कुनैको दीर्घकालसम्म असर पार्न सक्दछ ।

नेपालमा सर्वप्रथम विषादीको प्रयोग सन् १९५२ मा औलो रोग नियन्त्रण गर्न डीडीटी आयात गरिए पछि सुरु भएको हो, जुन प्रयोजनका लागि पुनः १९५५ मा डीडीटी आयात गरियो । त्यस्तै, नेपालमा विषादी उत्पादन गर्नका लागि सन् १९७७ मा कपिलवस्तुको बहादुरगन्जमा कारखाना नै स्थापना गरिएको थियो । नेपालमा कृषि उत्पादनमा प्रयोग हुने विषादी ज्यादै कममात्रामा रहेको छ । विषादी पञ्जीकरण तथा व्यवस्थापन शाखाले नेपालमा प्रतिहेक्टर ३९६ ग्राम मात्रै विषादीको प्रयोग हुने गरेको छ जुन विश्वका अन्य मुलुकको तुलनामा कम हो । जब कि माल्टामा प्रतिहेक्टर १६ केजी ७७ ग्राम रासायनिक विषादी प्रयोग हुने गर्छ । कोरियामा प्रतिहेक्टर १४ किलो ७४ ग्राम, जापानमा १४ किलो १८ ग्राम, चीनमा १० किलो ४५ ग्राम, अमेरिकामा ३ केजी ८ सय ८६ ग्राम रहेको छ भने भारतमा प्रतिहेक्टर २ सय ६१ ग्राम विषादी प्रयोग भइरहेको छ ।

नेपालमा प्रत्येक वर्ष भित्रिने विषादीमध्ये ८५ प्रतिशत तरकारी बालीमा प्रयोग हुन्छ । विश्वमा प्रतिवर्ष करिब २० लाख मेट्रिक टन विषादी प्रयोग हुने गरेको पाइन्छ । त्यसमा ४७ दशमलव ५५ झारनाशक, २९ दशमलव ५५ प्रतिशत कीटनाशक, १७ दशमलव ५५ प्रतिशत ढुसीनाशक, ५ दशमलव ५५ प्रतिशत अन्य पर्छन् । विश्वमा करिब २ करोड ६० लाख मानिसमा बर्सेनि विषादीको असर परेको देखिन्छ भने करिब २२ लाख मानिसको मृत्यु यसको प्रयोगबाट हुने गरेको प्लान्ट क्वारेन्टाइन एवम् विषादी व्यवस्थापन केन्द्रको अध्ययनले देखाएको छ ।

तसर्थ नेपाल सरकारले पनि संविधानले सुनिश्चित गरेको सुरक्षित र गुणस्तरीय वस्तु उपभोग गर्न पाउने अधिकार प्रयोग गर्ने काम गर्ने दायित्व पूरा गर्नु आवश्यक छ ।

नेपालीहरू बाध्य भएर विषादीयुक्त तरकारी खान विवश छन् र नचाहँदा-नचाहँदै पनि हरेक नेपालीको भान्छामा दिनहुँ विषालु तरकारी पाकिरहेका छन् । तरकारीमा विषादीको प्रयोग बढेका कारण नेपालीहरूमा गम्भीर खालका रोग लाग्ने गरेको पनि पाइएको छ । कालीमाटी तरकारी तथा फलफूल बजारस्थित प्रयोगशालामा गरिएको परीक्षणका रिपोर्टअनुसार मात्रै नभएर परीक्षणबिना नै हामीले खाइरहेको विभिन्न तरकारीमा बढी मात्रामा विषादी प्रयोग भएको छ । तसर्थ अत्यधिक विषादीको अवशेष नरहने गरी स्वस्थ तरकारी खाने वातावरण बनाउन पनि सरकारले प्रोत्साहन गर्न आवश्यक छ । स्वस्थ नागरिक नै देशको धन हो । स्वस्थ नागरिक नभई देशको उत्पादकत्व बढ्न सक्दैन, साथै स्वास्थ्यमा गर्ने खर्चको छुट्टै व्यवस्था गर्नुपर्ने बजेट शिक्षा तथा अन्य विकाकका कार्यमा खर्च गर्न सकिन्छ ।

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail.com

# पर्यटकीय क्षेत्रको विकास जरूरी : राष्ट्रपति



**दार्चुला/मस–** राष्ट्रपति विद्यादेवी भण्डारीले राष्ट्रको विकासका लागि यस क्षेत्रको पर्यटकीय क्षेत्रको विकास जरुरी रहेको बताएकी छन् । सुदूरपश्चिम प्रदेशको दार्चुलाको मालिकार्जुन गाउँपालिकाले आयोजना गरेको नागरिक अभिनन्दन कार्यक्रमलाई सम्बोधन गर्दै उनले राष्ट्रको सातौं धाम मालिकार्जुनमा पूजापाठ गर्दै यो क्षेत्र धार्मिक पर्यटन उर्वरभूमि भएको बताइन् । जिल्लाको मात्र नभई राष्ट्रकै समृद्धिका लागि यस क्षेत्रको पर्यटकीय क्षेत्रको पहिचान र विकास गर्नुपर्नेमा उनको जोड थियो ।

'यस क्षेत्रमा रहेका अपि नाम्पा हिमाल, कैलाश मानसरोवर जाने मार्ग भएका कारण पनि यो क्षेत्र पर्यटकीय क्षेत्रको लागि उपयुक्त छ, पर्यटकीय हिसाबले यो क्षेत्रको विकासमा टेवा पुर्‍याउनुपर्छ,' उनले भनिन्, 'यहाँ रहेका विकास निर्माणमा टेवा पुग्ने खालका गतिविधिलाई अघि बढाउनुपर्छ, मानसरोवर जाने मार्ग यही छ, यस क्षेत्रसम्म पहुँच पुर्‍याउन सबैले हातेमालो गरौं ।'

पहिलोपटक दार्चुला भ्रमण गर्न आएकी राष्ट्रपति भण्डारीले भनिन्, 'यो जिल्ला त्रिदेशीय क्षेत्रमा पर्ने भएकाले पनि पर्यटनको हिसाबले राम्रो छ ।' यस क्षेत्रको सीमा व्यवस्थापनका लागि सरकारले काम गरिरहेको भन्दै उनले छिट्टै निकास आउने बताइन् । विवादित सीमा क्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि अझै पनि नागरिक सङ्गठित हुनुपर्ने उनको भनाइ थियो ।

'यहाँका हिमाल, वनजङ्गल जोगाउन सक्यौं भने पर्यापर्यटनमा टेवा पुग्छ,' उनले भनिन्, 'हाम्रो चुनौती भनेकै जलवायु परिवर्तन हो ।' यसका लागि यहाँका पर्यावरण संरक्षणमा ध्यान दिनुपर्ने उनको भनाइ छ । 'जलवायुलाई संरक्षणका लागि हिमाल बचाउनु जरुरी छ, दार्चुलामा विसं २०६७ मै घोषणा भएको अपि नाम्पा संरक्षण क्षेत्रलाई थप व्यवस्थापन गर्नु अहिलेको आवश्यकता हो,' राष्ट्रपति भण्डारीले भनिन्, 'यहाँका प्राकृतिक सम्पादा संरक्षणका लागि अपि नाम्पा संरक्षण क्षेत्रलाई अझै प्रभावकारी बनाइनुपर्छ ।'

उनले यो क्षेत्रको विकासका लागि आफ्नो पदीय हिसाबले गर्नुपर्ने कामका लागि सहयोग गर्ने आश्वासन दिइन् । हेलिकोप्टरमार्फत दार्चुलाको मालिकार्जुन अवतरण भएकी राष्ट्रपति भण्डारीले मालिकार्जुन मन्दिरमा गएर पूजापाठ गरिन् । झण्डै १५ मिनेट मन्दिरमा पूजापाठ गरेपछि उनी नागरिक अभिनन्दनमा सरिक भइन् । मालिकार्जुन मन्दिर जिल्लाकै एक प्रसिद्ध धार्मिक तीर्थस्थल हो । भगवान् शिवका १२ ज्योतिलिङ्गमध्ये दोस्रो ज्योर्तिलिङ्ग मालिकार्जुनलाई मानिन्छ । यो क्षेत्रमा दार्चुलाका साथै सुदूरपश्चिम र भारत उत्तराखण्डका नागरिकले आराध्यदेवका रुपमा मालिकार्जुनको पूजापाठ गर्ने गर्छन् ।

विशेष शक्तिपीठको रुपमा रहेका कारण पनि मालिकार्जुनलाई सरकारले धार्मिक पर्यटकीय गन्तव्यको एक सय सूचीमा राखेको छ । सोहीअनुरुप अहिले सरकारले हरेक वर्ष मालिकार्जुनको धार्मिक पर्यटन विकासका लागि बजेटसमेत विनियोजन गर्ने गरेको छ ।

नेपाल भ्रमण वर्ष २०२० का अवसरमा राष्ट्रपति भण्डारी दार्चुलाको धार्मिक तीर्थस्थल मालिकार्जुनमा गरेको भ्रमणले स्थानीयस्तरमा खुशीयाली छायो । हजारौं सर्वसाधारणले भण्डारीलाई लामबद्ध भएर स्वागत गरे । राष्ट्रपति भण्डारीलाई मालिकार्जुन गाउँपालिका अध्यक्ष नरेन्द्रसिंह धामी र दार्चुलाबाट प्रतिनिधिसभाका सदस्य गणेशसिंह ठगुन्नाले स्वागत गर्दै नागरिक अभिनन्दनस्थलसम्म पुर्‍याए ।

नागरिक अभिनन्दनस्थलमा मालिकार्जुन गाउँपालिका उपाध्यक्ष पुष्पा अवस्थीले स्वागत मन्तव्य राखिन् । कार्यक्रममा सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्ट, प्रतिनिधिसभा सदस्य ठगुन्नाले मन्तव्य राखे । कार्यक्रममा गाउँपालिका अध्यक्ष धामीले गाउँपालिकाका तर्फबाट राष्ट्रपति भण्डारीलाई नागरिक अभिनन्दनपत्र हस्तान्तरण गरे ।

# टेलिकमको टावर ढल्दा तीन घाइते



**कैलाली/मस–** कैलालीको भजनीमा टेलिकमको टावर ढल्दा तीन जना घाइते भएका छन् । भजनी नगरपालिका-१ स्थित नेपाल टेलिकमको पुरानो टावरलाई खोल्ने क्रममा टावर ढल्दा तीनजना कामदार घाइते भएका हुन् ।

घाइते हुनेमा बर्दियाका ३२ वर्षीय चन्द्रबहादुर चौधरी, ३५ वर्षीय सन्ते चौधरी र २६ वर्षीय माइकल चौधरी रहेको इलाका प्रहरी कार्यालय भजनीले जनाएको छ । घाइतेमध्ये दुईको अवस्था सामान्य रहेको र एकको अवस्था गम्भीर रहेको छ । गम्भीर घाइते भएकालाई उपचारका लागि कोहलपुर मेडिकल कलेजमा रिफर गरिएको भजनी नगरपालिकाका नगर प्रमुख शेरबहादुर चौधरीले बताए ।

शनिबारदेखि नै टावर खोल्ने काम शुरु गरे पनि बुधबारसम्म आधा टावर खोलिसकेको र बाँकी टावरलाई तारले सपोर्ट गरी बाँधेको अवस्थामा काम गर्ने क्रममा टावर अनियन्त्रित हुँदा ढलेको नगर प्रमुख चौधरीले बताए । टावरले च्यापेपछि डोजरले पर्खाल भत्काएर टावर हटाई घाइतेको उद्धार गरिएको बताइएको छ ।

# त्रिपक्षीय सन्धि पुनरावलोकन गर्न माग




**काठमाडौं/मस–** गोरखा भूतपूर्व सैनिक संघ (गेसो)ले द्विपक्षीय सन्धिका आधारमा भूतपूर्व गोर्खा सैनिकहरुको माग सम्बोधन गर्न माग गरेको छ । नेपाल, भारत र बेलायतबीच १९४७ मा भएको त्रिपक्षीय सन्धि पुनरावलोकनका लागि पठाएको प्रस्तावको स्वागत गर्दै बेलायत र नेपालबीच द्विपक्षीय सन्धिमा गेसोले जोड दिएको हो । बिहीबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा गेसोका सभापति कृष्णकुमार राईले भूतपूर्व गोर्खा सैनिकहरुमाथि भइरहेको अन्यायको क्षतिपूर्ति हुने गरी द्विपक्षीय सम्झौताको माग गरे ।

सभापति राईले पछिल्लोपटक परराष्ट्र मन्त्रालयले त्रिपक्षीय सन्धि पुनरावलोकनको प्रस्तावसहित बेलायत सरकारलाई औपचारिकपत्र पठाएको उल्लेख गर्दै गोर्खाहरुको समस्या समधानको बाटो यही भएको बताए । 'गत जुन महिनामा भएको प्रधानमन्त्री केपी शर्मा ओलीले भ्रमणका बेला बेलायतका समकक्षी टरिजा मेसँग पनि उक्त सन्धि पुनरावलोकनको प्रस्ताव राख्नुभएको थियो,' उनले भने, 'पछिल्लोपटक परराष्ट्र मन्त्रालयले पुनरावलोकनको प्रस्तावसहित बेलायत सरकारलाई औपचारिक पत्र पठाएको हाम्रो जानकारीमा आएको छ । गेसो सरकारको यो कदमको दृढ समर्थन गर्दछ । यसलाई हामीले गेसो आन्दोलनाको एउटा उपलब्धिका रुपमा लिएका छौं ।'

सभापति राईले बेलायतसँगै गोर्खा भर्तीको विषयमा भारत, सिंगापुर र ब्रुनाईसँग पनि त्रिपक्षीय सम्झौता जरुरी रहेको बताए । उनले नेपाल सरकारले पठाएको प्रस्तावको जवाफ बेलायत सरकारले चाँडै दिने विश्वाससमेत व्यक्त गरे ।

द्विपक्षीय सम्झौताबाट नै गोर्खाहरुको समस्या समाधान हुने र नेपालको स्वभिमान पनि उचो रहने उनको भनाइ छ । सभापति राईले पेन्सनमा गोरा सेना सरह हुनुपर्ने माग गरे । पेन्सनमा अझै पनि २९८ प्रतिशत फरक रहेको उल्लेख गर्दै आफूहरुको माग समान पेन्सन रहेको बताए । सभापति राईले बेलायत सरकारले गरेको पूर्वप्रतिबद्धताअनुरुप गोरखाहरुको समस्या सम्बोधनका निम्ति अन्तर र्ष्ट्रिय दबाब र कूटनीतिक पहलका लागि अपिलसमेत गरे ।


## भूल सुधार

मिति २०७६/११/०७ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित साउदीमा रोजगार शिर्षक, कम्पनी: Masafat For Operation & Maintenance Co. LT. No.: 233285 र चलानी नं.: ६०१५१९१५ को विज्ञापनमा अन्तर्वार्ता सिटि होटल विर्तामोड झापामा फागुन २० गते (3 March. 2020) मा हुनेछ । हुनुपर्नेमा लण्डन होटल इटहरी सुनसरीमा फागुन २० गते (3 March. 2020) भएकोले भुलसुधार गरिएको छ ।

Amity Human Resource (P.) Ltd.
Govt Lic.No. 395/062/063
P.O. Box: 12543, Basundhara, Kathmandu, Nepal,
Tel: +977-1-5903488, 5903399, 9841205934



## बहराइनमा रोजगारको अवसर | कम्पनी : 7 HILLS GROUP शहर : BAHRAIN

पूर्व स्वीकृत मिति: २०७६/११/१४ चलानी नं.: ६०१५२५३१ LT. No.: 233820

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 25 | 0 | स. काममा दक्ष | 100 | ३०,३६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २३ गते (6 Mar. 2020) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

सगुन ओभरसिज सर्भिसेज प्रा.लि. (सगुन होम)
श्रम इजाजत नं. ३९६/०६०/०६१
पो.ब.नं. ३२३, डिल्लीबजार, कालिकास्थान-३२, फोन : ४४१७५३०, ४४४०१४६, ४४१८५३२, मो.: ९८५१११३२२६
E-mail: sagunosp@wlink.com.np, sagun@mail.com.np
हाम्रो Website : www.sagunoverseas.com.np को job seeker मा गई online apply पनी गर्न सकिनेछ ।



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-EBRAEZ AL-MADARI CONTRACTING EST. शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७६/११/१५ चलानी नं.: ६०१५२५५५ LT. No.: 234218

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Blacksmith | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३६,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Metal Cleaner | 1 | 0 | | 1000 | ३०,४८० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २३ गते (6 Mar. 2020) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

ब्लू ओसियन ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ८६४/०६६/०६७
पि.ओ.बक्स: १५१४२, केपिसी १७५, गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल
फोन: ४३५१७३२, ४३६५८२६, फ्याक्स: ४३६४५७३,, मो.: ९८०१२२४१७९
E-mail: blueocean_o@yahoo.com, www.blueocean.com.np



## साउदी अरबमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL BARRAK LOGISTICS SERVICES CO LTD शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०७६/११/१५ चलानी नं.: ६०१५२५२४ LT. No.: 234082

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३०,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 25 | 0 | | 1800 | ५४,८६५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा फागुन २३ गते (6 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

मादी ओभरसिज सर्भिसेस प्रा. लि.
श्रम ईजाजत पत्र नं. २०९/०५७/०५८
पो.ब.नं. ५१२५, सानेपा रोड, कुपण्डोल, ललितपुर, नेपाल, फोन: ०१-५१८११३८, ५१८००३९
फ्याक्स: ५०११७४०, Email: madi5125@gmail.com | Website: www.madioverseas.com



## साउदीमा रोजगार | कम्पनी: GULF SPECIALIZED WORKS FACTORY COMPANY शहर : JUBAIL

पूर्व स्वीकृत मिति: २०७६/०८/२६ चलानी नं.: ६०१४८२१८ L.T. No.: 228867

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 1 | 0 | स. काममा दक्ष | 2000 | ६०,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २३ गते (6 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

रोलेक्स रिक्रुटमेन्ट एजेन्सी प्रा. लि.
पो.ब.नं. २१५७९, महाराजगंज, काठमाडौं । फोन: ४७२१११४, ४७२०५४२, फ्याक्स: ४२२११२८
rolex.nepal@gmail.com, rolex.nepal@hotmail.com
श्रम इजाजत नं. ५२१/०६१/०६२



## कतार र यूएईमा रोजगार | १. कम्पनी : AL MUFTAH TRADING & CONTRACTING CO WLL शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७४/१०/१८ पून स्वीकृत मिति: २०७६/११/१५ चलानी नं.: ६०१२५७२६ पून चलानी नं.: ८३३ LT. No.: 204631

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 140 | 0 | स. काममा दक्ष | 900 | २८,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 93 | 0 | | 1100 | ३४,५४० | | | | | | | |
| 3. | Carpenter | 95 | 0 | | 1100 | ३४,५४० | | | | | | | |
| 4. | Stell Fixer | 100 | 0 | | 1100 | ३४,५४० | | | | | | | |
| 5. | Tile Fixer | 50 | 0 | | 1100 | ३४,५४० | | | | | | | |
| 6. | Plumber | 44 | 0 | | 1100 | ३४,५४० | | | | | | | |
| 7. | Pipe Fitter | 50 | 0 | | 1100 | ३४,५४० | | | | | | | |
| 8. | Welder | 50 | 0 | | 1100 | ३४,५४० | | | | | | | |
| 9. | Scaffolder | 50 | 0 | | 1100 | ३४,५४० | | | | | | | |
| 10. | A/c Mechanic | 50 | 0 | | 1100 | ३४,५४० | | | | | | | |
| 11. | Electrician | 50 | 0 | | 1100 | ३४,५४० | | | | | | | |
| 12. | Technician | 70 | 0 | | 1100 | ३४,५४० | | | | | | | |
| 13. | Painter | 49 | 0 | | 1100 | ३४,५४० | | | | | | | |
| 14. | Driver(Light) | 22 | 0 | | 1400 | ४३,९६० | | | | | | | |
| 15. | Driver (Heavy) | 22 | 0 | | 1900 | ५९,६६० | | | | | | | |
| 16. | Foreman | 25 | 0 | | 2500 | ७८,५०० | | | | | | | |

अन्तर्वार्ता शिभम ट्रेनिङ सेन्टर जनकपुर, धनुषामा फागुन २२ गते (5 Mar. 2020) मा पिस ट्रेनिङ सेन्टर ग्वार्को ललितपुरमा फागुन २३ गते (6 Mar. 2020) मा हुनेछ ।

२. कम्पनी : VOLTAS QATAR WLL शहर : DOHA
पूर्व स्वीकृत मिति: २०७६/१०/२० चलानी नं.: ६०१५१०८७ LT. No.: 232462 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३४,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mechanic | 50 | 0 | | 1100 | ३४,५४० | | | | | | | |

३. कम्पनी : TARGET ENGINEERING CONSTR. CO. LLC शहर : DUBAI
पूर्व स्वीकृत मिति: २०७६/११/०५ चलानी नं.: ६०१५१९०६ LT. No.: 233279 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mechanic Assistant | 120 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Rigger | 60 | 0 | | 1200 | ३७,३७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा फागुन २३ गते (6 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. ३ को नि:शुल्क अन्यको रु १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बैंक पछाडी), ललितपुर
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९
E-mail : nepal@soundlinesgroup.com
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३



## कतारमा रोजगार | कम्पनी: CHINA UNICORN TRADING & CONTRACTING CO. W.L.L शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७६/११/१५ चलानी नं.: ६०१५२४९१ LT. No.: 233445

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 14 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २८,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 4 | 0 | | 1700 | ५३,३८० | | | | | | | |
| 3. | Marketing | 2 | 0 | | 2500 | ७८,५०० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २३, २४ र २५ गते (6, 7 & 8 Mar. 2020) मा हुनेछ ।


**काठमाडौं, मस**–राष्ट्रिय भलिबल टिमका पुर्व खेलाडी बिनिता बुढाथोकी र चन्द्र बहादुर कुँवर सञ्जय स्मृति प्रतिष्ठानबाट सम्मानित भएका छन् । बिहिबार काठमाडौंमा एक कार्यक्रमको आयोजना गरेर प्रतिष्ठानले राष्ट्रिय महिला टिमकी पुर्व कप्तान बुढाथोकी र कुँवरलाई नगद सहित सम्मान गरेको हो ।

बुढाथोकी विभागीय टिम एपीएफ र कुँवर नेपाल पुलिस क्लबमा आबद्ध छन् ।

राष्ट्रिय टिम र क्लबको माध्यमबाट भलिबल क्षेत्रमा विशेष योगदान पुर्याएको भन्दै प्रतिष्ठानले दुई खेलाडीलाई सम्मान गरेको हो । राष्ट्रिय खेलकुद परिषद् (राखेप) र प्रतिष्ठान अध्यक्ष निरोज मास्केले दुवै खेलाडीलाई जनही ३० हजार रुपैयाँ सहित सम्मान गरेका थिए ।

प्रतिष्ठानले प्रत्येक दुई बर्षमा भलिबल खेलाडीलाई सम्मान गर्दै आएको छ । अघिल्लो संस्करणमा प्रतिष्ठानले मन्जु गुरुङ र सञ्जय अर्याललाई सम्मान गरेको थियो ।

कार्यक्रममा राखेप सदस्य सचिव रमेशकुमार सिलवालले प्रतिष्ठानले खेलकुद र समाजिक कार्यमा गर्दै आएको सहयोगको प्रशंसा गर्नुभएको थियो । उहाँले यसप्रकारको सम्मान कार्यक्रम तथा सहयोगलाई निरन्तरता दिन समेत प्रतिष्ठानलाई अनुरोध गर्नुभयो ।



प्रतिष्ठानकी अध्यक्ष निरोज मास्केले खेलकुदमा गर्दै आएको सहयोगलाई आगामी दिनमा समेत निरन्तरता दिने बताउनुभयो । उहाँले भलिबलको विकासमा प्रतिष्ठानले सक्दो सहयोग गर्ने प्रतिबद्धता समेत जनाउनुभएको थियो ।

प्रतिष्ठानले एआईपीएस स्पोर्ट्स मिडिया अवार्ड विजेता नेपाल खेलकुद पत्रकार मञ्चका महासचिव प्रज्वल ओलीलाई सम्मान गरेको थियो । कार्यक्रममा १३ औ दक्षिण एसियाली खेलकुद (साग) मा ऐतिहासिक रजत पदक विजेता राष्ट्रिय महिला भलिबल टिम र सागमा सहभागी राष्ट्रिय पुरुष भलिबल टिमलाई प्रतिष्ठानका तर्फबाट मायाको चिनो प्रदान गरिएको थियो ।

# पुलिस फाइनलमा



**धरान, मस**-नेपाल पुलिस क्लब धरानमा जारी २२ औं बुढासुब्बा गोल्डकप फुटबलको फाइनलमा प्रवेश गरेको छ। पाँच पटकको च्याम्पियन पुलिसले ए डिभिजन लिग तथा सताक्षी गोल्डकपको च्याम्पियन मछिन्द्र क्लबलाई सडन डेथमा पराजित गर्दै फाइनलमा स्थान सुरक्षित गरेको हो।

धरान रंगशालामा बिहिबार भएको सेमिफाइनलमा मछिन्द्र र पुलिसले निर्धारित समय गोलरहित बराबरी खेलेका थिए। त्यसछि टाइब्रेकरमा पनि ४-४ गोल भएपछि खेलको नतिजा सडन डेथबाट निकाल्न परेको थियो।

सडन डेथमा पुलिसका गोलकिपर सन्जित श्रेष्ठ नायक बनेका थिए । उनले मछिन्द्रका कप्तान विराज महर्जनको प्रहारलाई जोगाउँदै पुलिसलाई फाइनलमा पुऱ्याए। अब पुलिसले फाइनलमा मनाङ मर्स्याङदी क्लबसँग खेल्ने छ ।

# १२ वर्षपछि महिला राष्ट्रिय बुद्धिचाल

**काठमाडौं, मस**– पुरुष बुद्धिचाल प्रतियोगिताहरु मात्र भइरहेको बेला काठमाडौं बुद्धिचाल संघले महिला खेलाडीहरुलाई मात्र समेटेर राष्ट्रिय बुद्धिचाल प्रतियोगिताको आयोजना गर्ने भएको छ ।

यहि फागुनको २३ देखि २५ तारिखसम्म तीन दिनसम्म हुने प्रतियोगितामा देशभरबाट १ सय भन्दा वढी महिला खेलाडीहरुको सहभागिता रहने विहीवार आयोजित पत्रकार सम्मेलनमा जिल्ला संघका अध्यक्ष नारायण श्रेष्ठले जानकारी गराए । प्रतियोगिताको नाम हेरामाया श्रेष्ठ स्मृति महिला राष्ट्रिय प्रतियोगिता राखिएको छ। काठमाडौं जिल्ला बुद्धिचाल संघका पुर्व अध्यक्ष अमृत चन्द्र श्रेष्ठले आफ्नो स्वर्गिय आमा हेरामायाको सम्झनामा उक्त प्रतियोगितामा सहयोग गरेको हो ।

प्रतियोगिताको फाइनल प्रतिस्पर्धा अन्तराष्ट्रिय महिला दिवसको दिन राखिएको छ। पत्रकार सम्मेलनमा अध्यक्ष श्रेष्ठले भने- 'महिला बुद्धिचाल नभइरहेकोले यसमा जिल्ला संघले पहल थालेको हो । अब हरेक वर्ष हामी अन्तर्राष्ट्रिय महिला दिवसको अवसर पारेर यो प्रतियोगितालाई निरन्तरता दिनेछौं।'

प्रतियोगिता स्विस प्रणालीका आधारमा हुनेछ। खेल सात चरणको हुने जनाइएको छ ।

प्रतियोगितामा खेलाडीहरुलाई यु १२, यु १४ र यु १६ गरी तीनवटा इभेन्टस् हुनेछन् । जसमा समग्रमा पहिलो स्थान प्राप्त गर्ने खेलाडीले २५ हजार, दोस्रो हुनेले १५ हजार, तेस्रो स्थान प्राप्त गर्नेले ८ हजार , चौथो स्थान प्राप्त गर्नेले ६ हजार तथा पाँचौ स्थानका खेलाडीले ४ हजार रुपैंया प्राप्त गर्नेछन्। प्रतियोगितामा सातवटै प्रदेशका खेलाडीहरुको सहभागिता रहने जनाइएको छ ।

राष्ट्रिय टोलीका खेलाडी सहित महिला खेलाडीका साथै स्कुल कलेजमा प्रतिस्पर्धा गरिरहेका खेलाडीहरु समेतले प्रतिस्पर्धा गर्ने बताइएको छ ।

सन् २००८ पछि पहिलो पटक महिला खेलाडीहरुको राष्ट्रिय प्रतियोगिता हुन लागेको पत्रकार सम्मेलनमा जानकारी गराइयो ।

बुद्धिचालका नम्वर वान खेलाडी तथा हाल बुद्धिचाल संघका सदस्य तथा महिला कमिशनका प्रमुख मोनालिसा खुम्बले भनिन( नेपालमा महिला खेलाडिहरु लक्षित प्रतियोगिता थिएन । पुरुषहरुको भीडमा मात्र खेलिरहेको थियो । तर अहिले नियमित महिलाको राष्ट्रिय प्रतियोगिता हुंदैछ । यो महिला खेलाडीको लागि ठूलो प्लेटफर्म बन्ने मलाई विश्वास छ ।

# सिद्धार्थ वनस्थली र एलए उपाधि नजिक

काठमाडौं, मस- सिद्धार्थ बनस्थली र लिटिल एन्जल्स (एलए) दसौं लोयल्टी कप अन्तरविद्यालय जुनियर छात्र फुटबल प्रतियोगितामा बिहीबार फाइनलमा प्रवेश गरेका छन् । सिद्धार्थ बनस्थलीले आयोजक लोयल्टी एकेडेमी 'बी' लाई ३-२ गोलले पराजित गऱ्यो। विजेताका अनमोल क्षेत्रीले २ तथा जेनिश रेग्मीले १ गोल गरे । लोयल्टीबाट 'म्यान अफ द म्याच' रोहन केसीले दुवै गोल गरे। सिद्धार्थ बनस्थलीले अत्तिरिक्त समयमा जित हात पारेको हो। निर्धारित ४० मिनेटको खेल २-२ को बराबरीमा सकिएको थियो। अर्को सेमिफाइनलमा डिफेन्डिङ च्याम्पियन एलएले टाइमलाइनलाई ११-१ को फराकिलो गोलअन्तरले हरायो । एलएका प्रसुन तुलाधरले ५, दिवस मगर र ऋदक खरेलले २-२ तथा आयुश ऐर र भिगुल पोखरेलले १-१ गोल गरे। टाइमलाइनका निश्चल थापा 'म्यान अफ द म्याच' घोषित भए। फाइनल शुक्रबार हुने छ।

# मल्पी र काष्ठमण्डप सेमिफाइनलमा

**काठमाडौं, मस**– डिफेन्डिङ च्याम्पियन मल्पी र आयोजक काष्ठमण्डप 'ए' पाँचौं काष्ठमण्डप कप ए लेभल अन्तरकलेज छात्र बास्केटबल प्रतियोगितामा बिहीबार सेमिफाइनलमा प्रवेश गरेका छन्। समूह 'ए' बाट मल्पी विजेता र कष्ठमण्डप 'ए' उपविजेता हुँदै सेमिफाइनलमा पुगेका हुन्।

मल्पीले ओरियन्टलाई २१-९, काष्ठमण्डप 'ए' लाई १८-४ र काष्ठमण्डप 'सी' लाई १६-६ ले पराजित गऱ्यो । काष्ठमण्डप 'ए' ले ओरियन्टलाई २१-८ तथा काष्ठमण्डप 'सी' लाई २१-६ ले हरायो ।

समूह 'बी' बाट नामी विजेता तथा चेल्सी उपविजेता बन्दै सेमिफाइनलमा पुगे। नामीले काष्ठमण्डप 'बी' लाई १५-१०, ग्लोबललाई ११-९ र चेल्सीलाई १६-१४ ले पाखा लगायो। चेल्सीले ग्लोबललाई ११-९ तथा काष्ठमण्डप 'बी' लाई ७-६ ले पन्छायो । सेमिफाइनलमा मल्पीको भेट चेल्सीसंग हुने छ भने नामीले काष्ठमण्डप 'ए' विरुद्ध प्रतिस्पर्धा गर्ने छ। शुक्रबार सम्पन्न हुने प्रतियोगितामा १२ टिम सहभागी छन् ।

# बीएससी सीएसआईटी क्रिकेट शनिबारदेखि

**काठमाडौं, मस**– न्यु समिट कलेजको आयोजनामा आठौं राष्ट्रव्यापी त्रिवि बीएससी सीएसआईटी कप टी- २० क्रिकेट प्रतियोगिता शनिबारदेखि हुने भएको छ । डिफेन्डिङ च्याम्पियनले प्रतियोगिता आयोजना गर्ने प्रावधान अनुरुप न्यु समिटले प्रतियोगिता आयोजना गर्न लागेको बिहीबार आयोजित पत्रकार सम्मेलन न्यु समिट कलेजका प्रिन्सिपल डा. शिवदत्त ज्ञवालीले जानकारी गराए । पत्रकार सम्मेलनका प्रमुख अतिथि राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव रमेशकुमार सिलवालले विद्यालय स्तरको प्रतियोगिता प्रतिभावन खेलाडीको पहिचान गर्ने महत्वपूर्ण माध्यम भएको बताउदै आयोजकलाई प्रतियोगिता आयोजनाका लागि धन्यवाद दिए ।

प्रतियोगितामा १३ छात्र टिमको सहभागिता रहने छ। सहभागी टिमलाई ४ समूहमा विभाजन गरी लिग कम नकआउट आधारमा खेल खेलाइने न्यु समिटका निर्देशक तथा प्रतियोगिता संयोजक चोकराज दबाडीले जानकारी दिए । समूह 'ए' मा न्यु समिट, भक्तपुर बहुमुखी क्याम्पस र सेन्ट जेभियर्स, समूह 'बी' मा बिमा सगरमाथा कलेज अफ साइन्स एन्ड टेक्नोलोजी, स्वस्तिक कलेज र अमृत साइन्स कलेज, समूह 'सी' मा हिमालयन कलेज अफ इन्जिनिएरिङ, मदन भण्डारी मेमोरियल कलेज, सेन्ट लरेन्स र पाटन बहुमुखी क्याम्पस तथा समूह 'डी' मा प्राइम कलेज, एकेडेमिया इन्टरनेसनल कलेज र नेपालय रहेका छन् ।


वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।

Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६



UAE मा रोजगार | १. कम्पनी: T P H PUBLIC HEALTH PESTCONTROL SERVICES ONE PERSON CO. LLC शहर : DUBAI

पूर्व स्वीकृत मितिः २०७६/१०/१९ चलानी नं.: ६०१५१०२७ LT. No.: 230939 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Worker | 0 | 18 | स. काममा दक्ष | 900 | २८,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २३, २४ र २५ गते (6, 7 & 8 March 2020) मा हुनेछ ।

२. कम्पनीः AL QIMA INTERIOR CLEANING SERVICES FOR BUILDING AND DWELLINGS L.L.C शहर : UAE
पूर्व स्वीकृत मितिः २०७६/११/१५ चलानी नं.: ६०१५२५४६ LT. No.: 234197

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 10 | स. काममा दक्ष | 900 | २८,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २४, २५ र २६ गते (7, 8 & 9 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीड शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | क.नं. १ को रु १०,००० क.नं. २ को निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

AIMS
Almighty International Manpower Services Pvt.ltd.
Tokha-10, Kathmandu, Tel.: 01-4364026,01-4386170,
EMAIL: almightynepal@gmail.com, info@aimsrecruitment.com
website: www.aimsrecruitment.com
Govt. Lic. No. 1440/074/075



Qatar मा रोजगार | १. कम्पनीः SECNET TECHNOLOGY SOLUTIONS WLL शहरः QATAR

पुर्व स्वीकृत मितिः २०७६/११/१५ चलानी नं.: ६०१५२५३८ LT. No.: 233855

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 12 | 0 | स. काममा दक्ष | 900 | २८,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः QATAR HIGH SPEED PROJECTS शहरः QATAR
पुर्व स्वीकृत मितिः २०७६/११/१५ चलानी नं.: ६०१५२५३७ LT. No.: 233432

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 20 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २८,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 10 | 0 | | 1200 | ३७,६८० | | | | | | | |
| 3. | Reinforce Fitter | 10 | 0 | | 1200 | ३७,६८० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीड शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | क.नं. १ को निःशुल्क क.नं. २ को रु १०,००० |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २३ गते (6 Mar. 2020) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

C.D. HUMAN RESOURCE Career Development
C.D. Human Resources Pvt. Ltd.
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 4486262, Fax: 4486263
Mob.: 9818272436, 9818878475, 9813005928, 9880715268, 9808793080
Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Gov. Lic. No. 1048/073/74



जस्तो सीप उस्तै रोजगार

मुख्य रुपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर

अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५३१, फ्याक्स: ५५५५४७४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np



साउदीमा रोजगार | १. कम्पनी : LEADING PERFECTION TRADING COMPANY शहरः SAUDI

पुर्व स्वीकृत मितिः २०७६/११/१५ चलानी नं.: ६०१५२५२८ L.T. No.: 233461

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hospitality Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३०,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : JISR AL RUWYAT CONTRACTING EST शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०७६/११/१५ चलानी नं.: ६०१५२५२२ L.T. No.: 233875

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Florist | 1 | 0 | स. काममा दक्ष | 1800 | ५४,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : NOOR AL-REEF TRADING EST. शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०७६/११/१५ चलानी नं.: ६०१५२५२७ L.T. No.: 233877

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 1 | 0 | स. काममा दक्ष | 1200 | ३६,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी : MOHAMMED MAHDI MOHAMMED AL HATTAB EST. FOR GENERAL CONTRACTING शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०७६/११/१५ चलानी नं.: ६०१५२५२३ L.T. No.: 233705

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Road Machinery Driver | 4 | 0 | स. काममा दक्ष | 2500 | ७६,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २३ गते (6 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीड शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | क.नं. १ को रु १०,००० अन्यको निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Al Taaz International Pvt. Ltd.
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102, 9801147158, 9801147202, 9801147203
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np
Gov. Lic. No. 1251/074/075



मलेसियामा रोजगार | कम्पनी : HELISTROM SDN. BHD. शहरः MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/११/१५ चलानी नं.: ६०१५२५४७ L.T. No.: 234226

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 10 | 0 | स. काममा दक्ष | 1200 | ३२,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २३ गते (6 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीड शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– रोजगार दाताले | रु. १,५००/– रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. उमेर २० वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

RADIANT OVERSEAS P. LTD.
Sinamangal - 9, Om Nagar, Kathmandu., Tel.: 01- 4111270
Mob.: 9841781774 , Email: radiant.overseasktm@gmail.com
Govt Lic. No. 1016/068/069



SAUDI मा रोजगार | कम्पनी : SAUDI AUTOMOTIVE SERVICES CO.(SASCO) शहर : KSA

पूर्व स्वीकृत मितिः २०७६/११/०१ LT. No.: 232882 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labour | 40 | 0 | स. काममा दक्ष | 1000 | ३०,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २३ गते (4 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीड शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Rays Recruitment Pvt. Ltd.
Tokha Road, Mahalaxmi Marg-5, Bashundhara, Kathmandu, Nepal .
P.O. Box: 25046, Tel.: +977-1-4380343/014388579
E-mail: raysrecruit@gmail.com, Website: www.rays-recruitment.com
Gov. Lic. No.: 787/065/066

## नेप्सेको उकालो यात्रा

# शेयर बजारमा नयाँ रेकर्ड

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ फागुन

| | | | | |
|---|---|---|---|---|
| Banking | 1,440.15 | 83.29 | 6.14 | ▲ |
| Trading | 943.79 | 48.43 | 4.88 | ▼ |
| Hotels | 2,007.78 | 27.62 | 1.36 | ▼ |
| Development Bank | 2,063.70 | 38.65 | 1.91 | ▲ |
| HydroPower | 1,102.30 | 21.5 | 1.91 | ▼ |
| Finance | 712.66 | 8.52 | 1.16 | ▼ |
| Non Life Insurance | 7,355.16 | 213.39 | 2.82 | ▼ |
| Manu.& Pro. | 3,243.16 | 16.45 | 0.51 | ▲ |
| Others | 799.42 | 22.53 | 2.74 | ▼ |
| Microfinance | 2,747.30 | 56.35 | 2.01 | ▼ |
| Life Insurance | 9,741.31 | 164.63 | 1.66 | ▼ |

सताको पहिलो दिन आइतबार ६९ अंकले बढेर हरियाली देखिएको शेयर बजार साताको अन्तिम कारोबार बिहीबार पनि हरियाली छाएको छ । बिहीबार ३६ अंक माथिले बढेर शेयर बजार हरियाली छाएको हो ।

साताको दोस्रो दिन २ अंकले करेक्शन भएको बजार मंगलबार र बुधबार पनि उकालो नै लागेको थियो । बिहीबार नेप्से परिसूचक ३६.०५ अङ्कले बढेर एक हजार ६३२.१७ मा पुगेको छ । नेपाल स्टक एक्सचेञ्जले दिएको जानकारी अनुसार नेप्सेमा भारी वृद्धि हुँदा कारोवार रकम झण्डै साढे चार अर्ब पुगेको छ । बिहीबार कूल १८० कम्पनीका एक करोड आठ लाख ५९ हजार ६५६ कित्ता शेयर रु चार अर्ब ४६ करोड पाँच लाख ३६ हजार २५१ मा खरिद बिक्री भयो । नेप्सेमा भारी वृद्धि हुँदा कारोवार भएका कूल १२ मध्ये तीन उपसमूहको शेयर मात्र उकालो लागेको छ । बैंकिङ ८३.२९ अङ्कले बढ्दा विकास बैंक ३८.६५ र उत्पादन उपसमूहको शेयर १६.४५ अंकले बढेको छ । व्यापार ४८.४३, होटल २७.६२, जलविद्युत् २१.५, वित्त ८.५२, निर्जीवन बीमा २१३.३९, अन्य २२.५३, लघुवित्त ५६.३५, जीवन बीमा १६४.६३ र सामूहिक लगानी कोषको ०.१६ अङ्कले घटेको ।

कारोवार रकमका आधारमा नेपाल लाइफ इन्स्योरेन्स शीर्ष स्थानमा रह्यो । सो कम्पनीको शेयर रु २८ करोड ९२ लाख ३७ हजार २८३ मा खरिद बिक्री भयो । यस्तै एनआइसी एशिया बैंकको रु २० करोड ५९ लाख ४६ हजार ५०५, एनएमबी बैंकको रु १५ करोड ७० लाख ६१ हजार २३८, नवील बैंकको रु १५ करोड ३० लाख ६७ हजार ५७८, शिवम् सिमेन्टको रु १४ करोड ८९ लाख ६७ हजार ८७ र प्रभु बैंकको शेयर रु ११ करोड ८३ लाख १७ हजार ८९० मा खरिद बिक्री भयो ।

बिहीबार सबैभन्दा बढी एभरेष्ट बैंकका शेयरधनीले १० प्रतिशतले कमाए । यस्तै नेपाल एसबिआइ बैंकका ९.९४, हिमालन बैंकको ९.९२, नवील बैंकको ९.७७, वमि माइक्रोफाइनान्स वित्तीय संस्था ९.३१, स्टाण्डड चार्टड बैंकको ८.७० र एनआइसी एशिया बैंकका लगानीकर्ताले ८.२० प्रतिशतले कमाए । परिसूचक बढे पनि बिहीबार सबैभन्दा बढी नाग्दी ग्रुप पावरका शेयरधनीले ६.७१ प्रतिशतले गुमाए । सिनर्जी पावर ६.५०, समृद्धि फाइनान्स ६.१९, साल्ट ट्रेडिङ कर्पोरेशन ४.९९, युनाइटेड इन्स्योरेन्स ४.८५ र नेपाल सेवा लघुवत्त वित्तीय संस्थाका शेयरधनीले ४.८१ प्रतिशतले गुमाए ।

## एभरेष्ट बैंक र नेपालगञ्जको होटल सोल्टीबीच सम्झौता



**काठमाडौं/मस–** एभरेष्ट बैंकका ग्राहकहरुलाई काठमाडौंको सोल्टी क्राउन प्लाजा र नेपालगञ्जको सोल्टी वेस्टइन्ड प्रिमियरमा १० प्रतिशत छुट पाउने भएका छन् । एभरेष्ट बैंक लिमिटेडल र सोल्टी इन्टरप्राइजेज् प्रा.लि.बीच एभरेष्ट बैंकका ग्राहकहरुलाई छुट प्रदान गर्न साझेदारी भएको हो ।

काठमाडौंको सोल्टी क्राउन प्लाजा प्रदेश नं.३ को पाँच तारे होटल हो र नेपालगञ्जमा अवस्थीत सोल्टी वेस्टइन्ड प्रदेश नं. ५ को पाँच तारे होटल हो जुन यस क्षेत्रमा विलासी प्रोपटिज र पौराणिक आतिथ्यप्रतिको योगदानका साथ समृद्ध इतिहास र नेपाली पर्यटन उद्योगमा अग्रगामीका रुपमा प्रख्यात छन् । एम्ओयूमा हस्ताक्षर भएअनुसार एभरेष्ट बैंकका ग्राहकले निधर्ति मुल्यमा १०५ छुट प्राप्त गर्नेछन् । उक्त सम्झौता अनुसार एभरेष्ट बैंकका ग्राहकहरुले आफ्नो एटीएम वा क्रेडिट कार्डमार्फत छुट प्राप्त गर्नेछन् । एभरेष्ट बैंक सदैव सर्भिस वीथ स्माइल नाराका साथ ग्राहकका लाभ र सन्तुष्टिमा केन्द्रित रहेको छ ।

एभरेष्ट बैंकको ग्राहक आधार संख्या १० लाख भन्दा बढि रहेको छ जुन बैंकिङ्ग क्षेत्रकै उच्च हो । एभरेष्ट बैंक, हालै द्यबेष्ट म्यानेज कर्मसियल बैंक २०१९ बाट सम्मानित हुनुका साथै क्यामेल रेट्स अन्तर्गत बेष्ट रेट कर्मसियल बैंक बन्न सफल भएको छ । बैंकले ९५ स्थानिय शाखा, ३ एक्सटेन्शन काउन्टर, ३० राजस्व संकलन काउन्टर, १२२ एटिएम बाट मजबुत सेवा प्रदान गदै आईरहेको छ ।

## २६ चैतदेखि ललित अन्तर्राष्ट्रिय व्यापार मेला

**मध्यान्ह संवाददाता**
ललितपुर, १५ फागुन

ललितपुर उद्योग वाणिज्य सङ्घ र इन्ट्रडक्सन ट्रेड शो नेपाल प्रालिको बजार तथा मेला व्यवस्थापनमा 'ललित अन्तर्राष्ट्रिय व्यापार मेला २०७६' आगामी चैत २६ देखि ३० गतेसम्म हुने भएको छ । ललितपुरको स्थानीय उत्पादनलाई विश्वका विभिन्न मुलुकबीच प्रचारप्रसार गर्न पुल्चोकस्थित मदन स्मारक विद्यालयको प्राङ्गणमा मेला हुनेछ ।

सङ्घमा आबद्ध व्यवसायीको उद्यमशीलता विकास, व्यवसाय गर्ने क्रममा भोग्नु परिरहेको अवरोध हटाउन र नीतिगत समस्या पैरवी गर्न तथा ललितपुरमा उत्पादित सामग्रीको राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा बजार विस्तार एवं व्यवसायीको 'एक्सपोजर' क्षमता बढाउन मेलाले सहयोग गर्ने सङ्घका अध्यक्ष कृष्णलाल महर्जनले जानकारी दिनुभयो ।

नेपालका ८० तथा भारत, पाकिस्तान, बङ्गलादेश, भुटानलगायत देशका ४० कक्ष रहने

मेलामा नेपालमा उत्पादित ७० र विदेशी मुलुकमा उत्पादित ३० प्रतिशत सामग्री रहनेछन् । नेपालमा उत्पादित हस्तकलाका विभिन्न सामग्री, सांस्कृतिक झाँकी, व्यवसायीबीच आपसी अध्ययन तथा ज्ञानसीपको आदानप्रदानबाट पर्यटन र व्यवसायको विकासमा टेवा पुग्ने विश्वास लिइएको अध्यक्ष महर्जनले बताए ।

ललितपुरका उद्योगी तथा व्यापारीले ललितपुर उद्योग वाणिज्य सङ्घका तेस्रा अध्यक्ष केशवलाल प्रधानप्रति श्रद्धाञ्जलि दिएका छन् । पाटनका सफल उद्यमी प्रधान सङ्घको २०४० सालदेखि २०४२ सालसम्म तेस्रो अध्यक्षका रुपमा कार्यरत हुनुहुन्थ्यो । प्रधानले सङ्घको कार्यसमिति सदस्यमा २०३८ सालदेखि २०४० सालसम्म काम गरेका थिए ।

## प्राइम र कैलाशको एकीकृत कारोबार २८ गते

**काठमाडौं/मस–** प्राइम कमर्सियल बैंक र कैलाश विकास बैंकको एकीकृत कारोबार यहि फागुन २८ गतेबाट हुने भएको छ । बैंकले दिएको जानकारी अनुसार मर्जको सम्पूर्ण तयारी सकिएकाले फागुनको २८ गते एकिकृत कारोबार गर्ने तयारी गरेको जानकारी दिएको छ ।

कैलाश विकास बैंकले पुस २५ गते आफ्नो नाममा अन्तिम साधारणसभा गर्दै प्राइम बैंकसँग मर्जको प्रस्ताव पारित गरिसकेको छ । उक्त साधारणसभाले १६ प्रतिशत बोनस शेयर दिने प्रस्ताव समेत पास गरिसकेको छ । बोनस शेयरपछि कैलाश विकास बैंकको पुँजी २ अर्ब ७४ करोड रूपैयाँ पुगेको छ । कैलाश विकास बैंक मर्जपछि प्राइमको पुँजी १३ अर्ब ५५ करोडभन्दा बढी हुने छ ।

## सिटिजन्स बैंकको आर्थिक सहयोग

**काठमाडौं/मस–** सिटिजन्स बैंकले म्याग्दीको पौलस्त्य माध्यमिक विद्यालयलाई आर्थिक सहयोग प्रदान गरेको छ । सर्वसाधारणलाई गुणस्तरिय सेवा तथा सुविधा दिदैं आएको बैंकले म्याग्दी जिल्लाको बेनी नगरपालिका – ५ , भीर मुनि स्थित पौलस्त्य माध्यमिक विद्यालयलाई संस्थागत सामाजिक उतरदायित्व कार्यक्रम अन्तर्गत ५० हजार आर्थिक सहयोग प्रदान गरेको हो ।

विद्यालयले विद्यार्थीको चौतर्फी विकाशको निम्ति विभिन्न कार्यक्रमहरुलाई पाठ्यक्रममा समावेश गरी गुणस्तरीय शिक्षा प्रदान गर्दै आई रहेको छ । विद्यार्थीहरुको मानसिक, शारीरिक, बौद्धिक तथा सामाजिक विकाश हुन सकेमा मात्रै उनीहरु पूर्ण मानव बन्न सक्छन भन्ने कुरालाई शिरोधार्य गर्दै विद्यालयले आफूलाई शैक्षिक तथा भौतिक रूपमा सबल बनाउन विभिन्न कामहरु गर्दै आएको छ ।

यस विद्यालयमा अध्ययन र अध्यापन गर्दै आएका करिव २५० जनालाई शुद्ध खानेपानीको व्यवस्था गर्न उक्त सहयोग रकम प्रदान गरिएको हो । उक्त रकमबाट शुद्ध खानेपानीको लागि आवश्यक पूर्वाधार निर्माण गरिने कुरा विद्यालय प्रशासनले जनाएको छ । शुद्ध खानेपानीको अभावमा पठन पाठनमा भई रहेको अवरोधलाई अन्त्य गर्न यस किसिमको सहयोगले टेवा पुग्ने विश्वास बैंकले लिएको छ । लामो समयदेखि दिर्घकालीन रुपमा खानेपानीको व्यवस्था नहुदा शुद्ध पिउने पानी पिउनबाट बञ्चित रहेका विद्यार्थीहरु यस किसिमको सहयोगबाट शारिरिक र मानसिक रूपमा स्वस्थ भई पठनपाठनमा समेत सक्रिय रहने अवस्थाको सृजना हुने कुरा बैंकले जनाएको छ । शुद्ध खानेपानीका पहुँचबाट निमुखा, गरीब र दयनीय आर्थिक अवस्था भएका बालबालिकाहरुको स्वास्थ्य अवस्थामा सुधार आउने कुरा बैंकले व्यक्त गरेको छ । नेपाल सरकारले अवलम्बन गरेको 'सुखी नेपाली र सम्बृद्ध नेपाल' को अवधारणालाई साकार पार्न यस किसिमको सहयोग फलदायी हुने विश्वास बैंकले व्यक्त गरेको छ ।

यस सहयोगले सामाजिक अपहेलना र तिरस्कार भोगेर जीवनयापन गरिरहेका जनजाती, दलित र दयनीय आर्थिक अवस्था भएका बालबालिकाहरुको मनोवल थप उच्च हुने कुरा विद्यालयले जनाएको छ । अब आउने निकट भविष्यमा बैंकले संस्थागत सामाजिक उतरदायित्व कार्यक्रम अन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि जस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रम संचालन गर्ने कुरा जानकारी गराएको छ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना ९३ वटा शाखा, ९० वटा एटिएम र १०३ वटा शाखा रहित बैंकिङ्ग एकाईहरुबाट करिव पाँच लाख ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ । ग्राहकवर्गहरुलाई विभिन्न किसिमका निक्षेप तथा कर्जा सुविधाहरु, घरैमा बसेर बैंक खाता खोल्न सकिने अनलाईन सुविधा, रेमिट्यान्स सेवा, आस्वा, ड्राफ्ट, कार्ड सेवा,साथै कुनै पनि शाखाबाट रकम झिक्न र राख्न सकिने जस्ता सुविधाहरु प्नि उपलब्ध गराउँदै आएको छ ।

सूचना प्रविधिमा आएको परिवर्तनलाई अंगिकार गर्दै यस बैंकले ग्राहकवर्गलाई घरमै बसेर छिटो, छरितो, चुस्त र दुरुस्त रूपमा वित्तीय सेवा सुविधा उपभोग गर्न मिल्ने विभिन्न प्रविधिमैत्री योजनाहरु समेत संचालनमा ल्याएको छ ।


**Aero Systems Service Pvt. Ltd.**

CAREER OPPEORTUNITY

Aero Systems Service Pvt. Ltd. is looking for Postholders, B1 / B2 Licensed Engineer/s for its planned NCAR Part-145 maintenance organisation to offer maintenance, service and support through its NCAR Part 145 organisations to various international commercial airlines operating Airbus/ Boeing fleet. Thus, we invite self- driven people to apply for the following positions:

**DEPARTMENT: MAINTENANCE & ENGINEERING**

Maintenance Manager | Required Number: 01

**About Job:**

Maintenance Manager is responsible for efficient and effective oversight of the Engineering Department as well as ensuring that NCAR Part 145 services provided are as per agreed contracts in term of safety, quality and cost. He will ensure regulatory requirements are fully complied with ensuring that all maintenance modification and repair activities are carried out to the highest standard and safety level, in the most productive and cost effective manner, maximizing resources to achieve an acceptable level of aircraft safety, availability, and reliability. This should ensure aircraft high level of safety, availability and reliability to meet customer expectations.

**Qualifications & Experience:**

- 10 Years of aviation experience of which at least 5 years should be practical maintenance experience and valid CAAN 66 or EASA 66 License in Category B1 or B2, or equivalent
- Type rated on aircrafts A319, A320, A321, A330 Family and Boeing 737-700/800/900ER preferred.
- Excellent command of the English language
- Familiar in dealing with the popular MS Office Products,
- Flexible and able to work in shift ,
- High degree of customer focus and sense of responsibility,
- Performance driven with the desire to succeed,
- Good negotiating and contact skills as well as determination.

Quality Manager | Required Number: 01

**About job:**

- Perform liaison functions with Regulatory Authorities and other local and foreign governmental agencies in all matters concerning the quality and airworthiness of the company's services.
- Monitor the maintenance and inspection programs to assure continuing compliance with NCAR Part 145 regulations or all applicable regulations and in accordance with Approved Maintenance Program.

Prepare and distribute Audit Plans of all maintenance activities and A/C.

**Qualification & Experience:**

- 7 Years of aviation experience of which at least 4 years should be practical experience in CAMO or Quality System and a relevant engineering degree Or,
- Holder of CAA Nepal Licence with rating on relevant sample of type(s) of aircraft or components maintained by the organization with certifying experience of 5 Years Or,
- 12 Years of aviation experience of which at least 5 years should be practical experience in CAMO or Quality System and 5 years of practical maintenance experience.
- Formal Training in Quality systems and auditing techniques.
- Having knowledge of Safety Management System (SMS).
- Good English in speaking and writing.
- Computer skills
- Planning and organizing skills
- Knowledge of aircraft systems and structures
- Competent in organizational procedures

Line Maintenance Engineer (B1 & B2) | Required Number: B1-03 & B2-01

About Job:

The Licensed Aircraft Engineer (LAE) is responsible to the Team Leader for the Aero Systems Service maintenance and certification, the allocation of tasks to meet the work schedule and based on qualification of the staff under his supervision.

**Qualification & Experience:**

- Minimum 3 years' experience in all aspects of aircraft maintenance including servicing, inspections, defect troubleshooting, repair and rectification, and maintenance certification
- Valid CAAN 66 or EASA 66 License in Category B1 or B2, or equivalent
- Type rated on aircrafts A319, A320, A321, A330 Family and Boeing 737-700/800/900ER preferred,
- Excellent command of the English language
- Familiar in dealing with the popular MS Office Products,
- Flexible and able to work in shift ,
- High degree of customer focus and sense of responsibility,
- Demonstrated capability to work as part of a team and be goal oriented;
- Willing to work and be part of a multi-cultural team;
- Ability to exhibit a can-do attitude and maintain confidentiality;
- Ability to work with minimum supervision;
- Highly dynamic and organized individual.

**DEPARTMENT: COMMERCIAL**

Chief Executive Officer | Required Number: 1

About Job:

The Chief Executive Officer (CEO) is responsible for developing a business plan that clearly identifies the company's mission and goals. Have to delegate management responsibilities to others regarding marketing strategies, accounting methods, technology and other areas.

**Qualification & Experience:**

- Nepali citizen
- At least a Master's Degree from recognized universities in any discipline with a minimum of ten years of work experience in the Aviation sector.
- Age: must be at least 35 years and must not exceed 60 years on the last date of submission of application
- Not convicted on the criminal offense of moral turpitude.
- Proficiency in both English and Nepali language; knowledge of other languages shall be an advantage
- Having good leadership quality, high morale, good public relations and interpersonal skills with sound knowledge of management; work experience of executive and managerial position and related training.

Accountant Manager | Required Number 1

About Job:

The Accountant is responsible for financial actions by analyzing accounting options. Summarizes current financial status by collecting information; preparing balance sheet, profit and loss statement, and other reports.

Qualification & Experience:

- Nepali citizen
- At least post graduate.
- Experience in accounting for at list 4 years.
- Must have knowledge of accounting software, VAT, Income Tax, withholding TAX & Fund repartition from central bank. Software (preferred Tally), manual accounting, computer billing.

**Please send us your complete application (cover letter, curriculum vitae and certificates) including your salary requirement and your earliest possible start date in writing to aerosspl@gmail.com. Apply within 7 days of this notice.**
***Nepali Citizens will be preferred for Engineering and Maintenance Department.**


प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**